का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ वैशाख २०७९,
मंगलबार
19 April 2022,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ७३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# महानगरमा अल्झियो भागवण्डा

स्थानीय चुनावमा साझा उम्मेदवार तयार पार्नेगरी भागबण्डाको मापदण्डमा सैद्धान्तिक सहमति गरिसकेको सत्ता साझेदार दलहरुबीच महानगरपालिका भागबण्डा मिल्न नसक्दा लगातार बसिरहेको बैठक निष्कर्षमा पुग्न सकेको छैन ।



**दिवाकर अधिकारी/मध्यान्ह**
**काठमाडौं, ५ वैशाख ।**

सत्ता साझेदार दलहरुबीच सोमबार नै महानगर र उपमहानगरको भागबण्डा टुंग्याउने तयारी थियो । सरकारका प्रवक्ता एवं संचार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले एकदिन अगाडि नै महानगर र उपमहानगरको भागबण्डा सोमबार टुंगिने बताएका थिए । तर सोमबार पनि भागबण्डा मिलेन, बैठक मात्रै बस्यो ।

'उम्मेदवारी दर्ताको दिन आइसक्यो । अब ढिला गर्न हुन्न भनेर सोमबार सहमति नै गर्ने भनेको हो । तर, मंगलबार फेरि एक पटक बस्नुपर्ने भयो' सोमबार साँझ बैठकपछि मन्त्री कार्कीले मध्यान्हसँग भने । गठबन्धनको बैठक सोमबार बिहान पनि बसेको थियो ।

भागबण्डा नमिलेपछि साँझ फेरि बसेको थियो । साँझको बैठकले पनि ठोस् निर्णय गर्न सकेन र मंगलबार बिहान साढे ११ बजे बस्नेगरी बैठक सकिएको टुंगियो । 'भोलि महानगर र उपमहानगरको भागवण्डाको टुंगो लाग्छ' मन्त्री कार्कीले भनेका छन् ।

नेताहरुका अनुसार, गठबन्धन अड्किएको पोखरा, इटहरी र कलैयाको नेतृत्व कसले लिने भन्ने हो । यी तीन मध्ये पनि पोखरा महानगरपालिकाको भागबण्डा पेचिलो बनेको छ । कांग्रेसले पोखरा महानगरसहित इटहरी र कलैया उपमहानगरमा दाबी गरेको छ । तर, एकीकृत समाजवादीले ६ मध्ये एक महानगर आफूले पाउँनैपर्ने र पोखरा उपयुक्त हुने बताउँदै अडान लिइरहेको छ ।

पोखरा महानगरको नेतृत्वमा समाजवादीले दावी कायमै राखेपछि कुरा मिल्न सकेको छैन् । पोखरामा अहिले कांग्रेस र समाजवादी दुवैले दावी नछाडेपछि मनोनयन दर्ता गर्ने बेलासम्म जसको माहोल राम्रो देखिन्छ उसैले लिने विषयमा पनि छलफल भएको छ । तर, यस्तो प्रस्ताव एकीकृत समाजवादीले स्वीकार

– बाँकी पृष्ठ २ मा

# सकिएको छैन संकट



ताप्लेजुङको सदरमुकाम फुङलिङ नगरपालिका-५ फुलपाते डाँडामा जौ टिप्दै महिला । बिस्तारै जौ खेती गर्न किसानले छोडेसँगै जौ लोप हुँदै गएको छ । तस्वीर: रासस

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ५ वैशाख ।

नेपालको अर्थतन्त्रमा देखिएको संकटलाई लक्षित गरेर सरकारले विदेशी सामानको आयातमा थप कडाई गर्ने भएको छ । अर्थतन्त्र थप खस्किएको भन्दै सरकारले सुधारको तयारी थालेको हो । जसका लागि अर्थमन्त्री जनार्दन शर्माको नेतृत्वमा कार्यदल समेत निर्माण भएको छ । सोही कार्यदलको पहलमा सरकारले पाम, भटमास र सूर्यमुखी तेल, गाडी, मोबाइल, सुन, कस्मेटिक आइटम लगायतका वस्तुहरुको आयातमा कडाई गर्ने तयारी गरेको छ ।

> दुई पटक नगद मार्जिन राख्ने नीतिले अपेक्षाअनुसार आयात नघटेपछि राष्ट्र बैंकले मोबाईलको आयातमा पनि प्रतिबन्ध लगाएको छ । जसले गर्दा लाकप्रिय र ब्रान्डेड मोबाईलहरु बजारमा भेटिन छाडेका छन् ।

सवारी साधनको हकमा भन्सार महसुल वृद्धिदेखि खरिदमा डाउन पेमेन्टको सीमा वृद्धिसम्मका अतिरिक्त कडाइका गर्ने सरकारको तयारी देखिएको छ । केही वस्तुको हकमा आयात नरोक्ने तर निरुत्साहनका अन्य टुल्स प्रयोग गर्ने र प्राविधिक निगरानी र गुणस्तरको वैज्ञानिक प्रमाण थप गर्ने, काउन्टर भेलिङ तथा एन्टी डम्पि लगायतका कसिलो नियमहरु लागू

– बाँकी पृष्ठ २ मा

## गभर्नरको रिटमाथि सुनुवाई आज



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ५ वैशाख ।

निलम्बित गभर्नर महाप्रसाद अधिकारीको मुद्दामाथि आज (मंगलबार) सर्वोच्च अदालतमा सुनुवाई छ । आज सुनुवाई हुने गरी सोमबार पेशी तोकिएको हो । सरकारले मुलुकको अर्थतन्त्रसम्बन्धी गोपनियता भंग गरेको भनेर अधिकारीविरुद्ध जाँचबुझ प्रक्रियाविरुद्ध अगाडि बढाएको छ ।

मुलुकमा आर्थिक संकट सिर्जना हुनुमा गभर्नरको कमजोरी रहेको सरकारको बुझाई छ । सरकारलाई सहयोग नगरेको, बैंकका अति गोप्य सूचना चुहाएको, व्यवस्थापकीय जिम्मेवारी पूरा गर्न नसकेको लगायतका आरोप सरकारले अधिकारीमाथि लगाएको छ । राष्ट्र बैंकको उद्देश्यअनुसार तोकिएका जिम्मेवारी पनि पूरा नगरेको भनेर सरकारले अधिकारीलाई निलम्बनको पत्र थमाएको हो । तर, यी आरोपहरु गलत रहेको भन्दै गभर्नर अधिकारी सर्वोच्च अदालत गएका छन् । सर्वोच्च अदालतले अधिकारीको रिट दर्ता गरेर पेशी तोकेको हो ।

सरकार भने गभर्नर अधिकारीमाथि छानबिन गर्दैछ । छानबिन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश पुरुषोत्तम भण्डारीको अध्यक्षतामा तीन सदस्य समिति गठन गरिएको छ ।

अधिकारी उक्त छानविनविरुद्ध नै सर्वोच्च अदालत गएका हुन् । उनले छानविन गर्नुको उदेश्य आफुलाई हटाउनु रहेको रिटमा उल्लेख गरेका छन् । हटाउने नियतले छानविन सुरु गरेकाले आफु अन्यायमा परेको उनको जिकिर छ ।

यसमा अधिकारीले थप जिकिर गरेका छन्, ' जाँचबुझ समितिका अध्यक्ष अर्थमन्त्री जनार्दन शर्माका आफन्त हुन् ।' छानविन समितिमा रहेका सदस्यहरुको योग्यता पनि नपुग्ने लगायतका जिकिर पनि अधिकारीको छ ।

## बुधबारदेखि साउदीको मागपत्र प्रमाणीकरण शुरू हुने

# फाइल पेश गर्न व्यवसायीहरूलाई आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ वैशाख ।

साउदी अरबको रियादस्थित नेपाली दूतावासले आगामी बुधबार अर्थात् अप्रिल २० तारेखदेखि मागपत्र प्रमाणीकरण गर्न शुरूवात गर्ने भएको छ । मुस्लिम समुदायको महानपर्व रमदानलाई कारण देखाउँदै साउदी अरेबियाको रियादस्थित नेपाली दूतावासले आगामी मे ६ तारेखसम्म प्रमाणीकरणका लागि रोजगारदाताबाट कुनै आवेदन दर्ता नगर्ने निर्णय सार्वजनिक गरेको थियो ।

साउदी अरबको रियादस्थित नेपाली दूतावास र जेद्धास्थित कन्सुलर कार्यालयले नेपाली कामदारका लागि रोजगारदाताले पेश गरेका मागपत्र प्रमाणीकरण गर्ने गरेका छन् । कार्यवाहक राजदूत पौडेलले बुधबारदेखि रियादबाट मात्र मागपत्र प्रमाणीकरण गर्ने जानकारी दिएको पूर्वअध्यक्ष कटुवालले मध्यान्हलाई जानकारी दिए ।

राजदूत पौडेलले साउदी अरबका केही कम्पनीहरूमा समस्या रहेको भन्दै ती रमदानलाई कारण देखाउँदै मागपत्र प्रमाणीकरण गर्ने कार्य एक महिनाभन्दा बढी समय स्थगित गरेपछि धेरै वैदेशिक रोजगार व्यवसायीहरूले दूतावासको कार्यलाई गैर जिम्मेदार कार्य भन्दै टिप्पणी गरेका थिए ।

नेपाली दूतावासले मागपत्र प्रमाणीकरण रोकेर नेपाली व्यवसायीमाथि परेको मर्कालाई लिएर आवाज नउठाएको भन्दै कतिपय व्यवसायीहरुले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पनि आलोचना गरेका थिए ।

कोरोना भाइरसको संक्रमण कम भएको र खोप लगाउनेहरू बढेपछि साउदी अरबले विदेशी कामदारका लागि ढोका खोलेको छ । वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार गत माघ महिनामा १४ हजार २ सय ३७ जना र फागुन महिनामा ९ हजार १ सय ६० जना साउदी अरेबिया गएका थिए ।

## वैदेशिक रोजगार विशेष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तदर्थ समितिका सदस्य रहेका संघका पूर्व अध्यक्ष प्रेम बहादुर कटुवाल र रियादस्थित नेपाली दूतावासका कार्यवाहक प्रमुख दिलिप कुमार पौडेलबीच मागपत्र प्रमाणीकरण रोकिँदा उत्पन्न समस्याको बारेमा सोमबार छलफल भएपछि दूतावासले बुधबारदेखि मागपत्र प्रमाणीकरण शुरूवात गर्ने प्रतिवद्धता जनाएको हो ।

समस्याहरूको समाधान र मागपत्र प्रमाणीकरणको कामलाई पनि अघि बढाउने बताएको पूर्वअध्यक्ष कटुवालले बताए ।

कार्यवाहक राजदूत पौडेललाई उदृत गर्दै कटुवालले भने, 'मागपत्र प्रमाणीकरण शुरू गर्ने भएकोले व्यवसायीहरूले पहिलेकै प्रक्रिया पूरा गरेर फाईल पेश गर्न सक्ने जानकारी दिनुभएको छ ।'

दूतावासले मुस्लिम समुदायको महान पर्व

**नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसनको निर्वाचन सहतिको ११ औं साधारण सभा सम्बन्धी सूचना ।**

आदरणिय ब्यवसायी ज्यूहरू नमस्कार,

नेपाली काँग्रेसको शुभेच्छुक संस्था यस नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसनको निर्वाचन सहितको ११ औं साधारण सभा निम्न, मिति, स्थान र समयमा नेपाली काँग्रेसका आदरणिय महामन्त्री विश्व प्रकाश शर्माज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न हुन गईरहेको ब्यहोरा सम्पूर्ण सदस्यज्यूहरूलाई सहर्ष जानकारी गराउदैं निर्वाचनमा भाग लिनको लागि संस्था नविकरण गर्ने मिति २०७९।०१।०६ गते दिउँसो २ बजे सम्म मात्र थप गरिएकाले समयमै साधारण सभामा भाग लिने आधिकारीक प्रतिनिधि सहति आफ्नो संस्थाको नविकरण गर्न गराउन यस एशोसिएसन संग आवद्ध बैदेशिक रोजगार ब्यवसायी ज्युहरूलाई पुन स्मरण गराउदे ।
अन्यथा मतदाता नामावलीमा संस्था र प्रतिनिधिको नाम प्रकाशन गर्न यस नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन असमर्थ रहने व्यहोरा समेत सम्पूर्ण सदस्यज्यूहरूलाई जानकारीका लागि अनुरोध गर्दछौ । जय नेपाल !

कार्यक्रम :
मिति : २०७९।०१।०७ गते बुधवार
स्थान : दियालो फुडल्याण्ड बसुन्धारा, काठमाडौ ।
समय : बिहान ८ बजे

भवानी निरौला
महासचिव

नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४४६६४२८, ९८५१२३७५०१
ईमेलः ndfeefforum@gmail.com

**BAHARAIN को Four Star Hotel मा रोजगारको अवसर**

कम्पनी: ROYAL PHOENICIA HOTEL W.L.L | शहर: MANAMA
पूर्व स्वीकृत मितिः २०७९/०१/०४ | चलानी नं.: ६०१७७९८६ | LT. No.: 261736

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barman | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ४८,३७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 5 | 5 | | 150 | ४८,३७८ | | | | | | | |
| 3. | Cook | 10 | 0 | | 150 | ४८,३७८ | | | | | | | |
| 4. | House Keeper | 15 | 10 | | 120 | ३८,७०२ | | | | | | | |
| 5. | waiter | 20 | 0 | | 120 | ३८,७०२ | | | | | | | |
| 6. | Waitress | 0 | 20 | | 120 | ३८,७०२ | | | | | | | |

अन्तर्वार्ता दुर्गा पार्टी प्यालेस, इटहरी सुनसरीमा २०७९ बैशाख १३ गते (26 April 2022) मा हुनेछ ।
मेनपावर कार्यालय, सामाखुसी, काठमाडौंमा २०७९ बैशाख १४ गते (27 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Triveni Hr Solution Pvt. Ltd.**
Govt. Lic. No. 1174/073/074
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 01-4987608,01-4989258
Mobile: 9847259822, 9818618887, 9861133194, 9851007872, 9818465637//Itahari Contact No: 9852022500
Email: triveni.overseas341@gmail.com, info@trivenihr.com

**कुवेतमा रोजगारको अवसर** | कम्पनी : HOUSE OF CORN | शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०१/०५ | चलानी नं.: ६०१७८०२७ | LT. No.: 261829

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 5 | 5 | स. काममा दक्ष | 115 | ४५,७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

यसै कम्पनीको लागि Salesman र Muslim Barista पनि चाहिएकोले इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख १३ गते (26 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.**
Gov. Lic No. 1219/074/075
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4473705, 4494457
Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Mobile: 9851322884, 9808798478, 9851235143

# ‘विपद न्यूनीकरणमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्छ’



**कास्की/मस–** विपद जोखिम न्यूनीकरण लागि तीनै तहका सरकार जिम्मेवार भएर लाग्नुपर्ने आवश्यक्ता औल्याइएको छ । गण्डकी प्रदेशस्तरीय ‘विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन’ विषयक अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रममा वक्ताहरूले विपद जोखिमका दृष्टिले नेपाल संवेदनशील रहेकोले सम्भाव्य जोखिमप्रति सचेत बन्नुपर्ने बताएका हुन् ।

गण्डकी प्रदेशका प्रमुख सचिव रविलाल पन्तले विपद् न्यूनीकरण र व्यवस्थापनमा प्रदेश सरकार जिम्मेवार बन्दै आएको बताए । प्रदेश सरकारले सुरक्षा निकायलाई आवश्यक उद्धार सामग्री खरिद गरेर वितरण गर्दै आएको बताउँदै उनले पछिल्लो समय विपद एवं दुर्घटनामा हेलिकप्टर उद्धारलाई समेत जोड दिएको स्पष्ट पारे । कुनै पनि घटनामा मानवीय र अन्य क्षति कम गर्नका लागि पहिलो पहल हुनुपर्ने भन्दै उनले विपदमा राहत वितरण एकद्धार प्रणालीबाट गरिने विश्वास दिलाए ।

आन्तरिक मामिला मन्त्रालयका सचिव बद्री अधिकारीले विकास निर्माणका कारण कतिपय विपद निम्त्याउने गरेको बताउँदै त्यस्ता विपद हुन नदिन विकास योजना तर्जुमा गर्दा सचेत हुनुपर्ने बताए ।

कास्कीका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक जयनारायण अर्यालले विपद न्यूनीकरण तथा उद्धार र राहत वितरणमा जनताको नजिकको सरकार स्थानीय तहलाई जिम्मेवार बनाउनुपर्ने बताए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक अनिल पोखरेलले बाढी पहिरो, आगलागी, चट्याङका कारण ठूलो जनधनको क्षति हुने गरेको उल्लेख गर्दै विपदका अवस्थामा तीनै तहका सरकार संवेदनशील भएर उद्धार र राहत वितरणमा जुट्नुपर्ने आवश्यकता रहेको बताए । कार्यक्रममा विपद् न्यूनीकरण, मुलुकमा विपदको अवस्था र यसबाट बचाउन सकिने उपाय, उद्धार, राहत वितरणलगायत आवश्यकतानुसार आवासको व्यवस्था, पूर्व सूचना प्रणालीका बारेमा छुट्टाछुट्टै पाँच वटा अवधारणा पत्र प्रस्तुत गरिएको थियो । सो अवसरमा तीन वटै सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधि, विभिन्न पालिकाका प्रमुख प्रशासकीय अधिकृत, सञ्चारकर्मीलगायत सरोकारवालाको सहभागिता थियो ।

# काँक्रेविहारमा राखिएको हिमाली गिद्धलाई नवलपरासी पठाइयो

**कर्णाली/मस–** काँक्रेविहार संरक्षित वन क्षेत्रमा उड्न नसक्ने अवस्थामा रहेका हिमाली गिद्धलाई नवलपरासी पठाइएको छ । गिद्धको थप उपचार तथा व्यवस्थापनका लागि नवलपरासीको कावासोतीस्थित जटायु रेष्टुरेन्टमा पठाइएको डिभिजन वन कार्यालयले जनाएको छ ।

सुर्खेत उपत्यकाको उत्तरी क्षेत्रमा फेला परेका गिद्धलाई वन कार्यालयले उद्धार गरी चैत ४ गते काँक्रेविहार क्षेत्रमा छाडेको थियो । काँक्रेविहारको मूल गेटमा राखिएको गिद्धको उपचार तथा स्याहार-सुसार स्थानीय युवाहरुले गर्दै आएका थिए ।



डिभिजन वन कार्यालय सुर्खेतका सूचना अधिकारी सूर्यप्रसाद शर्माले गिद्धको हेरचाह गर्दै आउनुभएका वीरेन्द्रनगर-९ का स्थानीय नवराज बोहराको जिम्मा लगाएर कावासोती पठाइएको बताए । गिद्धलाई शुरुमा वन कार्यालयले आफ्नो संरक्षणमा राखेको थियो तर आहारको कमी हुन थालेपछि काँक्रेविहारको जङ्गलमा छाडिएको थियो ।

# गहनापोखरीमा खोजियो टुँडालदेवीको गहना



**काठमाडौं/मस–** काठमाडौंको गहनापोखरीमा टुँडालदेवीको हराएको गहना खोजिएको छ । टुँडालदेवीको हराएको गहना खोज्न प्रत्येक वर्ष चैत्र शुक्ल चतुर्दशीदेखि शुरु हुन्छ । जात्राको विभिन्न प्रक्रिया पूरा गरी वैशाख कृष्ण प्रतिपदाका दिन गहनापोखरीमा टुँडालदेवीको हराएको गहना खोजिने जात्रा सम्पन्न गरिएको जात्रा सञ्चालन समितिको अध्यक्षसमेत रहेका काठमाडौं महानगरपालिका वडा नं ५ का अध्यक्ष रमेश डङ्गोलले जानकारी दिए ।

प्रत्येक वर्ष चैत शुक्ल चतुर्दशीदेखि शुरु गरिने भाटभटेनी काठमाडौं महानगरपालिका वडा नं ५ को हाँडीगाउँ र वडा नं ४ को टुँडालदेवी बालुवाटार क्षेत्रमा भव्यरुपमा गरिन्छ । जात्राका क्रममा सोमबार भने देवीदेवतालाई विश्राम दिइन्छ । वैशाख कृष्ण तृतीयाका दिन मङ्गलबार भाटभटेनी महिला समूहले विशेष पूजा गर्ने विधि गरिने जात्रा सञ्चालन समितिले जनाएको छ ।

जात्राका लागि नक्साल चार ढुङ्गेको माने खटसमेत आज रातिसम्म टुँडालदेवी लगिएको छ । जात्राका क्रममा भातको देउता बनाएर टुँडालदेवीमा लगिने विधि भने पूरा भइसकेको छ । भाटभटेनी जात्रा काठमाडौंमा मनाइने महत्वपूर्ण र अद्वितीय जात्रामध्ये एक हो । यसलाई हाँडीगाउँ, टुँडालदेवी र गहना खोज्ने जात्रा भनेर पनि सम्बोधन गरिन्छ ।

यही जात्राका लागि भाटभटेनीलाई रङरोगन गरी मन्दिरबाट बाहिर निकाल्ने गरिन्छ । यो जात्रा सुरु भएको सम्बन्धमा एउटा कथा प्रचलित छ । धेरै वर्ष पहिले चण्डोलको टुँडालदेवी, नक्सालको महालक्ष्मी, बालाजुको मनमैंजु र नुवाकोटी देवी स्नान गर्न भनी ठूलो तालअर्थात् हाल गहनापोखरी भएको स्थानमा गएछन् । स्नान गर्ने क्रममा टुँडालदेवीको गहना पोखरीमा हराएछ । त्यसैबेलादेखि यो पोखरीको महत्व बढ्नुका साथै नाम पनि गहनापोखरी राखिएको रहेछ । त्यसै समयदेखि हराएको गहना खोज्न यो जात्रा शुरु भएको विश्वास गरिन्छ ।

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एटिएम थपिँदै

**काठमाडौं/मस–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा राष्ट्रिय वाणिज्य बैंकको एटिएम थप्ने भएको छ । अनअराइभल भिसामा नेपाल आउने विदेशी पर्यटकहरुका लागि विद्युतीय भुक्तानीमा समस्या देखिएपछि राष्ट्रिय वाणिज्य बैंकले एटिएम थप्न थालेको विमानस्थल कार्यालयले जनाएको छ ।

विमानस्थलको अनअराइभल कक्षमा वाणिज्य बैंक एटिएम मेसिन जडान गरिने विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाले जानकारी दिए । उनका अनुसार यसअघि विमानस्थलमा प्रभु बैंकको एउटा एटिएम मेसिन मात्रै भएको र उक्त मेसिनले मास्टर कार्ड रिड गर्न छाडेपछि समस्या आएको थियो । अनअराइभल भिसाका लागि विद्युतीय भुक्तानीमा देखिएको समस्या समाधानका लागि यात्रु प्रस्थान कक्षमा बैंकको एटिएम राखिने योजनाअनुसार काम भइरहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।



विमानस्थलमा विद्युतीय भुक्तानी प्रणालीमा समस्या देखिएपछि विमानस्थलको अध्यागमन कार्यालयले सूचना जारी गर्दै पर्यटकहरुलाई साथमा २०० डलर बोकेर आउन आग्रह गरेको थियो । धेरै भीडभाड तथा प्राविधिक समस्याका कारण रकम ननिस्कने समस्या देखिएपछि नगद बोक्न आग्रह गर्दै कार्यालयले सूचना प्रकाशित गरेको थियो । उक्त सूचनाको चौतर्फी आलोचना भएपछि विमानस्थलले सुधारका लागि तयारी गर्नुका साथै एटिएमसमेत थप गर्न थालेको हो ।

## म्याग्दीमा निःशुल्क स्वास्थ्य शिविर

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ५ वैशाख

म्याग्दी प्रवासी नेपाली संघ मोना कतारको सह-आयोजनामा निःशुल्क स्वास्थ्य शिविर हुने भएको छ । आगामी वैशाख १६ र १७ गते बेनी अस्पतालमा निःशुल्क मुटु परीक्षण एवं स्वास्थ्य शिविर सञ्चालन हुने शिविरका संयोजक हरिकृष्ण गौतमले मध्यान्हलाई जानकारी दिए ।

संयोजक गौतमका अनुसार वरिष्ठ मुटु रोग विशेषज्ञ डा.अनिल भट्टराईको नेतृत्वमा म्याग्दी जिल्लामा विदेशी चिकित्सकसहित दुई दिने निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको हो ।

काठमाण्डौंमा रहेको सेभ द हार्टको आयोजना, मनमोहन कार्डियोग्राफि तथा भास्कुलर सेन्टरको प्राविधिक सहयोग, म्याग्दीको ओमकुमारी शान्ति कोषको सह-आयोजनामा उक्त कार्यक्रम हुन लागेको हो । शिविरमा विद्यार्थीलाई छुट्टै परीक्षण सहित मुटुमा समस्या देखिएकाहरूको पहिचान गरी उपचारमा सहयोग पुऱ्याउने गरी गाउँ-गाउँमा पुगेर प्रचारप्रसारसमेत गरिने संयोजक गौतमले बताए । सेभ द हार्टका महासचिव शेरबहादुर रानाले मुटुको शल्यक्रिया गर्नुपर्ने वा थप उपचारका लागि काठमाण्डौंमा जानुपरेमा संस्थाले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । शिविरका लागि बेनी अस्पताल, म्याग्दी जेसीज, लायन्स क्लब अफ बेनी पिससिटीसहित विभिन्न संघसंस्था स्थानीय सरकारसँगको सहकार्य रहने मोना कतारका अध्यक्ष नरेन्द्र फगामीले जानकारी दिए ।

शिविरका लागि नेपालका वरिष्ठ मुटु रोग विशेषज्ञका साथै युरोपेली मुलुक इटालीबाटसमेत मुटु रोग विशेषज्ञ गरि करिब ४० जना चिकित्सक, स्वास्थ्यकर्मीको उपस्थिति रहने छन् । शिविरमा निःशुल्क इसिजि, कार्डियोग्राफी सेवा, औषधि वितरण, १८ वर्ष माथिका विपन्नलाई उपचारमा आवश्यक सहयोगसमेत गरिने छ । म्याग्दी र छिमेकी जिल्लाका बिरामीलाई लक्षित गरी शिविरको आयोजना गरिएको शिविरका संयोजक हरिकृष्ण गौतमले जानकारी दिए ।

# बाघ हेर्न निकुञ्जमा पर्यटक बढे



**बाँके/मस–** बाघ देखिने मौसम शुरु भएपछि बर्दिया राष्ट्रिय निकुञ्ज घुम्न आउने पर्यटकको संख्या बढ्दै गएको छ । यो मौसममा निकुञ्ज घुम्दा बाघ देखिने सम्भावना बढी हुन्छ । विदेशी पाहुनाले निकुञ्ज घुम्ने क्रममा बाघ देखेर फर्केका कारण खुसी देखिएको नेचर गाइड अनुराम चौधरीले बताए । ‘यो मौसममा प्रायः पर्यटकको जङ्गली जनावर हेर्ने इच्छा पूरा हुन्छ’, चौधरीले भने ।

बाघकै कारण पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा बर्दिया राष्ट्रिय निकुञ्ज परेको छ । निकुञ्जको मुख्य क्षेत्रमा घुम्ने तथा जङ्गल हिँड्ने पर्यटकको सङ्ख्यामा वृद्धि भएको बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत विष्णुप्रसाद श्रेष्ठले बताए । ‘चालू आर्थिक वर्षको हालसम्म नौ हजार बढी पर्यटकले निकुञ्ज घुमिसकेका छन्’, प्रमुख संरक्षण अधिकृत श्रेष्ठले भने, ‘जसमध्ये सात देशका पर्यटकले निकुञ्ज घुमेका छन् ।’

आन्तरिक पर्यटकको संख्या पनि बढेको छ । कोभिड-१९ महामारीका कारण गत आर्थिक वर्षमा जम्मा आठ हजार पर्यटकले निकुञ्ज घुमेका थिए । चालू आवको चैत महिनासम्म १० हजारभन्दा बढी पर्यटकले निकुञ्ज घुमेका छन् । ‘यो सङ्ख्या हाम्रा लागि सुखद रहेको छ’, प्रमुख संरक्षण अधिकृतले भने, ‘अहिले बाघ देखिने मौसम भएकाले पर्यटकको सङ्ख्या बढ्ने विश्वास छ ।’

# चितुवा मृत भेटियो



**कञ्चनपुर/मस–** शुक्लाफाँटा नगरपालिका-८ स्थित कालिका सामुदायिक वनमा सोमबार वयस्क चितुवा मृत अवस्थामा फेला परेको छ । सामुदायिक वनको झाडीमा अन्दाजी १२ वर्ष उमेरका चितुवा मृत अवस्थामा फेला परेको डिभिजन वन कार्यालय कञ्चनपुरका प्रमुख सम्भुप्रसाद तिवारीले बताए । सामुदायिक वनका उपभोक्ताले चितुवा मृत अवस्थामा रहेको जानकारी दिएको उनले बताए ।

‘मृत अवस्थामा फेला परेको चितुवाको शरीरमा घाउ भई सङ्क्रमण हुँदा कीरा परेको अवस्थामा भेटाएका छौं’, उनले भने, ‘घाउ भएको ठाउँमा कीरा परेको र धेरै दिनदेखि खान नपाई भोकका कारण मरेको अनुमान गरेका छौं ।’

पशु चिकित्सकले पेटभित्र हेर्दा सङ्क्रमण भएर पित्तथैलीलगायत सुन्निएको जानकारी आएको उनले बताए । भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्र महेन्द्रनगरका चिकित्सकले मृत चितुवाको ‘पोष्टमार्टम’ गरेकाले विस्तृत रिर्पोट आएपछि मृत्युको कारण यकिनका साथ भन्न सकिने उनले बताए ।

## जीप दुर्घटनामा मृत्यु हुनेको संख्या ६ पुग्यो

**वालिङ/मस–** स्याङ्जाको वालिङ-१२ डाँडाखर्क फिरफिरेमा जीप दुर्घटनामा परी मृत्यु हुनेको संख्या ६ पुगेको छ । दुर्घटनामा परी गम्भीर घाइते भएका वालिङ-१२ डाँडाखर्कका ५० वर्षीय अङ्गबहादुर डालाको उपचारका क्रममा सोमबार गण्डकी मेडिकल कलेज पोखरामा मृत्यु भएसँगै मृतकको संख्या ६ पुगेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रवक्ता पदमराज थापाले जानकारी दिए ।

अन्य पाँचजनाको गण्डकी मेडिकल कलेज पोखरामा उपचार भइरहेको छ । दुर्घटनामा परी मृत्यु हुने सबै एउटै गाउँका हुन् । मृत्यु हुने र घाइते हुने सबै एउटै गाउँका भएका कारण अहिले गाउँ शोकमा डुबेको छ । वालिङ नगरपालिका-१२ डाँडाखर्कबाट बायँटारी आउँदै गरेको ग १ ज ७३९९ नम्बरको जीप आइतबार बिहान फिरफिरेमा दुर्घटनामा परेको थियो । जीप ग्रामीण कच्ची सडकबाट झन्डै दुई सय मिटर तल खसेको थियो ।

### महानगरमा....

गरेको छैन् । समाजवादीले जसैगरी आफुले एक महानगरको नेतृत्व पाउनुपर्ने अन्यथा गठबन्धनमा रहनुको अर्थ नरहने चेतावनी दिएको छ ।

**कहाँ कसको दाबी ?**

अहिलेसम्म गठबन्धनका बीचमा दाबी प्रस्तुत गर्ने कार्य मात्रै भएको छ । नेपाली कांग्रेसले काठमाडौँ, ललितपुर, पोखरा र विराटनगर महानगरपालिकाको मेयर दाबी गरेको छ । भरतपुरमा माओवादीले मेयरमा दाबी छ । भरतपुरमा उपमेयर र सबै वडा कांग्रेसले दाबी गरेको छ ।

एकीकृत समाजवादीले पोखरा महानगरपालिकाको नेतृत्व दाबी गरेको भने जसपाले वीरगञ्ज महानगरपालिकाको नेतृत्वमा दाबी प्रस्तुत गरेको छ । उपमहानगरहरुमा कांग्रेसले धरान, जनकपुर, वुटवल, घोराही, तुलसीपुर, नेपालगञ्ज, इटहरी, कलैया र धनगढीमा दाबी गरेको छ । तर, ११ वटा उपमहानगरमध्ये धेरै कांग्रेसले दाबी गरेको भनी गठबन्धनका अन्य सहयात्री दलहरुले असन्तुष्टी जनाएका छन् र उनीहरुले पनि सोही अनुसार दाबी गरेका छन् ।

नेकपा माओवादी केन्द्रले घोराही, जितपुर सिमरा र धरानको मेयरमा दाबी गरेको छ । नेकपा एकीकृत समाजवादीले इटहरी, हेटौंडा र धनगढीमा नेतृत्व दाबी गरेको छ । जसपाले कलैया र नेपालगञ्जमा नेतृत्व दाबी गरेको छ । तर, यी सबै दाबीहरु उपर मंगलबार निर्णय हुने कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्की बताउँछन् ।

६ वटा महानगर र ११ वटा उपमहानगरको प्रमुख र उपप्रमुखबारे सहमति नजिक पुगेको नेताहरुले दावी गरेका छन् । ‘मंगलबार साढे ११ बजे गठबन्धनको बैठक बस्छ र सहमतिको खाका सार्वजनिक गर्छ’ मन्त्री कार्की भन्छन् ।

### सकिएको ...

गर्नेबारे सरकारको छलफल चलिरहेको छ । अर्थतन्त्र संकटतर्फ उन्मुख भएको संकेत गर्दै नेपाल पूँजीबजार संघकी अध्यक्ष राधा पोखरेलले ५ सय र हजारको नोटलाई प्रतिबन्ध लगाउनुपर्ने बताएकी छिन् । “भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ५ सय र हजारको नोटलाई खोस्टा बनाइदिए । त्यसरी नै अर्थमन्त्रीले पनि रातारात ५ सय र हजारको नोटलाई खोस्टा बनाइदिने हो भने अर्थतन्त्र सुधारको सम्भावना देखिन्छ”, अध्यक्ष पोखरेलले भनिन् । उनले घरघरमा लुकाएर राखेको पैसालाई बैंकसम्म ल्याउने बाध्यकारी नियम बनाउनुपर्नेमा जोड दिएकी छिन् । सरकारले विदेशी गाडीदेखि विभिन्न विलासिताका सामानमा प्रतिबन्ध लगाएपनि चालु आर्थिक वर्षको ९ महिनामै व्यापार घाटा १३ खर्ब नाघेको छ ।

उच्च दरमा आयात बढ्दा विदेशी मुद्राको सञ्चितिमा गिरावट आएपछि राष्ट्र बैंकले पुस ५ गते २० वस्तु आयातका लागि एलसी खोल्दा नगद मार्जिन राख्नु पर्ने नियम राखेको थियो । पुष ५ गते लिएको नीतिले अपेक्षा अनुसार आयात नरोकिएपछि माघ २४ गते राष्ट्र बैंकले थप २७ बस्तु आयात गर्दा नगद मार्जिन राख्नु पर्ने बताएको थियो ।

दुई पटक नगद मार्जिन राख्ने नीतिले अपेक्षाअनुसार आयात नघटेपछि राष्ट्र बैंकले मोबाईलको आयातमा पनि प्रतिबन्ध लगाएको छ । जसले गर्दा लाकप्रिय र ब्रान्डेड मोबाईलहरु बजारमा भेटिन छाडेका छन् । भन्सार विभागका अनुसार ८ महिनामा ३० अर्ब ९९ करोड रुपैयाँ बराबरको मोबाइल आयात भएको छ ।

सोही ८ महिनामा ४२ लाख ६० हजार थान मोबइल सेटबाट सरकारले ४ अर्ब ८९ करोड राजस्व पनि उठाएको छ । देशको वैदेशिक मुद्रा सञ्चिति सुध्रँदै गएमा केही दिनमै आयात खुल्नेमा ब्यापारीहरु विश्वस्त देखिएका छन् । तर, कम्तीमा पनि आगामी जेठसम्म आयातमा कडाई लगाउने सरकारको तयारी छ । बढ्दो आर्थिक संकटले मोबाइल मात्रै होईन, जग्गा कारोबारमा समेत प्रभाव परेको छ ।

बैंकहरुमा ऋण दिनका लागि पैसा नभएपछि जग्गाकारोबार स्थिर भएको व्यवसायीहरु बताउँछन् । तर, अर्थतन्त्रमा सुधारका संकेत देखापरेमा कारोबार बढ्ने व्यापारीहरुको अपेक्षा छ । सरकारले आत्तिनुपर्ने अवस्थामा अर्थतन्त्र नदेखिएपनि संकटको संकेत देखापरेको स्वीकार गर्दै आएको छ ।

**मोटरसाईकल हराएको सूचना**

मिति २०७८/१०/१० गते दिउँसो २:४० बजेको समयमा कपन सरस्वतीनगर मा पार्किङ गरि राखेको बाग्मती प्रदेश ०२-०३० प १७५० नम्बरको **Pulsar 150 CC** कालो रङ्गको मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनी : छविराम पराजुली**
**च्यासिस नं : MD2A11CY2MPA84566**
**इन्जीन नं : DHYRMA58007**
**सम्पर्क नं : ९८६००६२०२९**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०१/०६**

यस कार्यालयमा मिति २०७३/०६/०९ मा दर्ता भएको **प्रा.लि.नं. १५६४५४** को **सिद्धिलक्ष्मी इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०१/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०८/१९ मा दर्ता भएको **प्रा.लि. नं.२०३८१४** को **एसेन्ट एजुकेशन प्रा.लि.**को मिति २०७९।०१।०५ गतेको विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः अधिवक्ता संजय कुमार शाह, ईजाजत प्र.प.नं. ३९१**
**विजुलीबजार, काडमाडौं, सम्पर्क नं. ९८४१४४९३३८**

**हकदावी सम्बन्धी ३५ दिने लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०३/०५ मा दर्ता भएको **प्रा.लि. नं.२१७७४०** को **डाइनेस्टी फुड एक्सप्रेस प्रा.लि.**को मिति २०७९।०१।०५ गतेको विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३, ईमेल :** rokayasherbahadur723@gmail.com

• स्थानीय तह निर्वाचन

# घरदैलो अभियानमा व्यस्त कोहलपुर मेयरका स्वतन्त्र उम्मेद्वारका दावेदार अर्याल

**गणेश रावत/मध्यान्ह**
कोहलपुर, ५ वैशाख

यहि वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको मिति नजिकिँदै गर्दा गाउँ टोलदेखि सहर बजार र चियाँ पसलमा अहिले चुनावको सरगर्मी बढेको छ ।

विगतका वर्ष भन्दा यस वर्ष फरक तवरले भोट हाल्ने स्थानीय बताउँछन् । राजनीतिक दलहरुलाई भागबण्डामा सकस भएको छ ।

यता कोहलपुर नगरपालिका मेयर पदमा स्वतन्त्र उम्मेद्वार घोषणा गरेका देवान्नद अर्यालले घरदैलो अभियानलाई तीव्र बनाएका छन् ।

जनताको घरघरमा जाने, आफ्नो घोषणपत्र सुनाउने गरेको उनले बताए । जनताको दुःख र गुनासा सुन्ने मौका मिलेको उनको भनाइ छ ।

उनका अनुसार अहिले इन्टरनेटको जमना आएसँगै जनतामा जनचेतना वृद्धि भएको उनको भनाइ छ ।

जनप्रतिनिधि भएर पाँच वर्ष वित्यो । तर जनताका दुःख उस्तै भएको स्थानीय बताउँछन् । जुन जोगी आए पनि कानै चिरेको भनेझैं विकास हुने आशामा रहेका जनताले आश मारिसकेका छन् ।

वैशाख ३० गते हुने स्थानीय तहको चुनावमा हाम्रो नभइ राम्रो जिताउने स्टाटस सामाजिक सञ्जालमा देख्न सकिन्छ । यो चुनावमा जनताको आशको उजार गर्न कोहलपुर नगरपालिका मेयरमा अर्यालले स्वतन्त्र उम्मेद्वार घोषण गरेको बताए । उनले भने, 'घरदैलो अभियान थाल्दा जनताका कुराहरु सुन्ने अवसर मिलेको छ ।'

अभियानका क्रममा जनताले व्यक्ति हेरेर भोट दिने जनताले बताएको उनले बताए । अब चुनाव आउन केही दिनमात्र बाँकी छ । चुनावको नजिकिँदै गर्दा बाँकेमा पनि चुनावको चर्चा निकै बढेको छ ।



# मधेस प्रदेशमा २ हजार १ सय ६३ मतदान स्थल, ३३ लाखबढी मतदाता



**सिरहा/मस–** मधेस प्रदेश अन्तर्गतका जिल्लामा स्थानीय तह निर्वाचनका लागि ३३ लाख ३१ हजार १ सय ७० जना मतदाताले मतदान गर्न पाउने भएका छन् ।

निर्वाचन आयोग नेपालले २०७९ साल वैशाख २९ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताको नामावली समेत समावेश गरिने हुँदा सो संख्यामा मतदाताले मतदान गर्न पाउने अधिकार प्राप्त हुने भएको हो । प्रादेशिक निर्वाचन कार्यालय जनकपुरधामका अनुसार प्रदेशभरि पुरुष १७ लाख ९७ हजार ९४५, महिला १५ लाख ३३ हजार १५८ र अन्य ६६ गरी कूल ३३ लाख ३१ हजार १७० जना मतदाताले मतदान गर्न पाउने भएका छन् ।

निर्वाचन कार्यलयका अनुसार मधेस प्रदेश अन्तरगत सिरहामा दुई लाख १९ हजार ५६४ पुरुष, एक लाख ९४ हजार ६०० महिला र अन्य दुई गरी जम्मा चार लाख १४ हजार १६६ कायम भएको छ ।

त्यस्तै, धनुषामा पुरुष दुई लाख ४८ हजार ८४०, महिला दुई लाख १८ हजार ५४२ र अन्य छ जनासहित कूल चार लाख ६७ हजार ३८८, महोत्तरीमा पुरुष दुई लाख १२ हजार २०३, महिला एक लाख ७९ हजार ३७३ र एकजना अन्य गरी जम्मा तीन लाख ९१ हजार ५७७ र सर्लाहीमा दुई लाख ५७ हजार १३८ पुरुष, दुई लाख १७ हजार २९२ महिला र अन्य नौ गरी कूल चार लाख ७४ हजार ४३९ मतदाता रहेका छन् ।

त्यसैगरी सप्तरीमा दुई लाख १३ हजार ८९२ पुरुष, एक लाख ९८ हजार ५३२ महिला र अन्य २१ गरी कूल चार लाख १२ हजार ४४५ र रौतहटमा पुरुष दुई लाख २२ हजार ९४५, महिला एक लाख ८५ हजार ४६, अन्य एकजना गरी जम्मा चार लाख सात हजार ९९२, बारामा दुई लाख ३१ हजार ८२६ पुरुष, एक लाख ९१ हजार ४९० महिला र ११ अन्यसहित कूल चार लाख २३ हजार ३२७ र पर्सामा एक लाख ९१ हजार ५३७ पुरुष, एक लाख ४८ हजार २८३ महिला र १६ जना अन्यसहित कूल तीन लाख ३९ हजार ८३६ जना मतदाताले मतदान गर्न पाउने प्रादेशिक निर्वाचन कार्यालयले जानकारी दिए ।

त्यस्तै, वैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचनमा मतदान गर्न प्रदेशभरि दुई हजार १६३ मतदानस्थल कायम गरिएको छ भने चार हजार १८९ मतदान केन्द्र निर्धारण गरिएको छ ।

मतदानस्थल र केन्द्र अनुसार सिरहामा २२१ मतदानस्थल,सप्तरीमा २९७ मतदानस्थल, ५३६ मतदान केन्द्र, सिरहामा २२१ मतदानस्थल, ४९८ मतदान केन्द्र, धनुषामा ३२३ मतदानस्थल, ५९३ मतदान केन्द्र, महोत्तरीमा २५८ मतदानस्थल, ४९७ मतदान केन्द्र, सर्लाहीमा ३१८ मतदानस्थल, ५९९ मतदान केन्द्र, रौतहटमा २७६ मतदानस्थल, ५१८ मतदान केन्द्र, बारामा ३०३ मतदानस्थल, ५४१ मतदान केन्द्र र पर्सामा १६७ मतदान स्थल र ४०४ मतदान केन्द्र निर्धारण गरिएको प्रादेशिक निर्वाचन कार्यालयले जनाएको छ ।

निर्वाचनका लागि निर्वाचन अधिकृतको तालिम सुरु भएको र आगामी ८ गतेदेखि स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय खोल्ने तयारीसमेत भइसकेको प्रादेशिक निर्वाचन कार्यालयले जनाएको छ ।

# एकानब्बे आरोही समूहका ७४० आरोहीलाई हिमाल आरोहण अनुमति



**काठमाडौं/मस–** यस वर्षको वसन्त ऋतुमा पर्वतारोहणका लागि हालसम्म ९१ आरोही समूहका ७४० आरोहीले आरोहण अनुमति लिएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागका अनुसार वैशाख ४ गतेसम्म सर्वोच्च शिखर सगरमाथा (८,८४८.८६ मिटर) सहित विभिन्न २२ हिमाल आरोहणका लागि आरोहण अनुमति जारी गरिएको हो । हालसम्म सगरमाथा हिमाल आरोहणका लागि सर्वाधिक ३२ आरोही समूहका २६२ आरोहीले अनुमति लिएका छन् ।

विभागको पर्वतारोहण शाखाको तथ्याङ्कमा अहिलेसम्म सगरमाथा आरोहणका लागि मात्रै ३२ समूहका २६२ आरोहीले अनुमति लिएका छन् । त्यस्तै, माउन्ट ल्होत्से (८,५१६ मिटर) आरोहणका लागि १० समूहका ९४ आरोहीले अनुमति लिएका छन् । अमादब्लम (६,८१४ मिटर) आरोहणका लागि छ समूहका ६५ आरोहीले अनुमति पाएका छन् ।

कञ्चनजंघा (८,५८६ मिटर) आरोहणका लागि छ समूहका ६७ आरोहीले अनुमति लिएका छन् । नुप्त्से (७,८५५ मिटर) मा पाँच समूहका ३८ आरोही छन् ।

त्यसैगरी अन्नपूर्ण (८,०९१ मिटर) आरोहणका लागि चार समूहका २६, धौलागिरि (८,१६७ मिटर) आरोहणका लागि दुई आरोही समूहले आरोहण अनुमति लिएका छन् । मिलुङ्ग चुलीका लागि दुई, भेम्दोङ्ग, गङ्गापूर्ण र थापा पिकका लागि तीन आरोही समूहले आरोहण अनुमति लिएको विभागको पर्वतारोहण शाखाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । हिमाल आरोहणबाट हालसम्म रु ३९ करोड ५२ लाख ३१ हजार ५२ रोयल्टी उठेको छ ।

# इन्धन खपत २० प्रतिशतले घटाउन निर्देशन



**काठमाडौं/मस–** अर्थ मन्त्रालयले इन्धन शीर्षकमा विभिन्न मन्त्रालय तथा निकाय तथा सार्वजनिक संघसंस्थालाई इन्धनको खपत २० प्रतिशतले कटौती गर्न निर्देशन दिएको छ ।

मन्त्रालयले सोमबार सूचना जारी गर्दै चालु आवका लागि छुट्याइएको इन्धन शीर्षकको बाँकी बजेट २० प्रतिशतले कटौती गर्न निर्देशन दिएको हो । विकास आयोजना, शान्ति सुरक्षा, अत्यावश्यक सेवा र आसन्न स्थानीय तह निर्वाचन प्रयोजनका लागि इन्धन कटौतीको व्यवस्था लागू नहुने मन्त्रालयले प्रष्ट पारेको छ । बढ्दो व्यापार घाटा, विप्रेषण आप्रवाहमा कमी र वैदेशिक मुद्राको सञ्चितिमा चाप परेको भन्दै सरकारले गत चैत ३० गते इन्धन शीर्षकमा छुट्याइएको बजेट कटौती गर्ने निर्णय गरेको थियो । विद्युतको प्रयोगलाई बढवा दिँदै इन्धनको खपत न्यूनीकरण गर्ने उद्देश्यले सरकारले चालु आवको प्रतिस्थापन बजेटमा प्रशासनिक र इन्धन खर्चमा १० प्रतिशतले कटौती गर्ने निर्णय गरेको थियो ।

छुट्टै ऐनबाट इन्धन सुविधा प्राप्त गर्ने पदाधिकारीको इन्धन सुविधा पनि २० प्रतिशतले कटौती गर्न मन्त्रालयले अनुरोध गरेको छ ।

इन्धन कटौतीको व्यवस्था असार मसान्तसम्म लागू हुने अर्थमन्त्रालयका प्रवक्ता डुण्डीप्रसाद निरौलाले जानकारी दिए । इन्धन कटौती निर्णय पालना भए/नभएको अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्नेछ ।

# नौसय छ्यानब्बे फर्मलाई कारबाही




**काठमाडौं/मस–** वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले नौ महिनामा (गत साउनदेखि चैत मसान्तसम्म) काठमाडौं उपत्यकाका दुई हजार १२९ व्यावसायिक फर्म अनुगमन गरी अनुचित कारोबारमा संलग्न ९९६ फर्मबाट रु एक करोड १८ लाख ६१ हजार राजश्व संकलन गरेको छ । अनुगमन गरिएका फर्ममध्ये झन्डै आधा फर्मलाई कारबाहीस्वरुप जरिवाना गरिएको विभागका निर्देशन हरि पँगेनीले जानकारी दिए ।

उनले सामान्य गल्ती गर्ने फर्मलाई एक पटक सुधारको मौकासमेत दिइएको जानकारी दिए । सो अवधिमा ९०० फर्मलाई सामान्य सुधार गर्न र ४६१ फर्मलाई आवश्यक कागजात वा स्पष्टीकरण पेस गर्न निर्देशन दिइएको तथा १७ फर्मका वस्तुको नमूना सङ्कलन, तीनजना पक्राउ र १२ फर्मको कारोबार रोक्का गरी सिलबन्दी गरिएको थियो ।

यस्तैगरी खान अयोग्य वा म्याद सकिएका रु ५३ लाख ५४ हजार ८४७ बराबरको वस्तु तत्कालै नष्ट गर्न लगाइएको थियो । सो अवधिमा सबैभन्दा धेरै ६२७ खाद्यान्न तथा किराना पसल अनुगमन गर्दा ३६८ पसललाई कारबाहीस्वरुप जरिवाना गरिएको थियो । यस्तै १८६ वटा कस्मेटिक तथा कपडा पसल, ११२ फार्मेसी, आठ स्टेशनरी पसल, १० सर्जिकल हाउस, ५३ अण्डा तथा मासु पसल, ३४ मार्ट, १६ फ्युल तथा कोइला पसल, नौ ग्यास पसल, सात ग्रोसरी, २० डिपार्टमेन्ट स्टोर, ३१ मदिरा तथा पेयपदार्थ, ६८ फलफूल तथा तरकारी पसल, ५० दुग्धजन्य पदार्थ तथा बेकरी र ८८७ अन्य उद्योगको अनुगमन गरिएको थियो ।

अनुगमनका क्रममा उपभोक्तासँग बढी मूल्य लिने, कृत्रिम अभाव सिर्जना तथा कालोबजारी गर्ने, म्याद सकिएका खानेकुरा बेच्ने तथा खरिदबिक्री बिल नराख्ने फर्मलाई रु पाँच हजारदेखि तीन लाखसम्म जरिवाना गरिएको विभागले जनाएको छ ।उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम अनुचित व्यापारिक कारोबार गर्ने पसललाई जरिवाना गरिएको विभागले जनाएको छ ।

पछिल्लो समय बजारमा छडलगायत निर्माण सामग्रीको मूल्य उच्च भएको र ग्यास व्यवसायीले खाना पकाउने एलपी ग्यास लुकाएको उपभोक्ताबाट गुनासो आएपछि ग्यास र छड केन्द्रित भएर अनुगमन गरिएको विभागका सूचना अधिकारी धनेश्वर पौडेलले जानकारी दिए । नियमित बजार अनुगमन भइरहेको उल्लेख गर्दै उनले विभागले उपभोग्य वस्तु र गुणस्तरमा केन्द्रित भएर अनुगमन गर्ने गरेको बताए ।

# मनाङबाट ४३ विद्यार्थी एसइईमा सहभागी हुँदै

**नविन अंकुर/मध्यान्ह**
मनाङ, ५ वैशाख



आउँदो शुक्रबारदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) मा हिमाल पारीको जिल्ला मनाङबाट ४३ विद्यार्थी परीक्षामा सहभागी हुने भएका छन् ।

परीक्षामा २१ छात्रा र २२ छात्र गरी जिल्लाभरबाट ४३ परीक्षार्थी सहभागी हुन लागेको शिक्षा विकास तथा समन्वय मनाङका एकाइ प्रमुख मतिलाल चपाईले बताए ।

उनका अनुसार लोकप्रिय माध्यमिक विद्यालय चामेबाट १४, प्रकाशज्योति मावि थोचेबाट १४, अन्नपूर्ण मावि मनाङबाट चार, भानु मावि तालबाट सात र लोकप्रिय मावि खुलाबाट चार जना परीक्षामा सहभागी हुनेछन् । जिल्लाको लोकप्रिय माविमा एउटा परीक्षा केन्द्र रहनेछ ।

जिल्लामा परीक्षाका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको उनले बताए । परीक्षा सुरक्षित र मर्यादितरुपमा सम्पन्न गर्न केन्द्रमा सुरक्षाकर्मी र निरीक्षक राखिएको बताइएको छ । शैक्षिकसत्र २०७७ र २०७६ मा कोरोना महामारीका कारण विद्यालयले गरेको आन्तरिक मूल्याङ्कनकै आधारमा राष्ट्रिय परीक्षा बोर्डले एसइईको नतिजा सार्वजनिक गरेको थियो । प्रदेशस्थित सामाजिक विकास मन्त्रालय र जिल्ला परीक्षा समन्वय समितिको व्यवस्थापनमा एसइई सञ्चालन गर्न लागिएको हो ।

# वीणा उल्का वर्षा

**काठमाडौं/मस–** सक्रिय मौसमले साथ दिएको खण्डमा वैशाख ९ गते राति नेपाली आकाशमा उल्का वर्षाको रमाइलो दृश्य देख्न सकिने नेपाल एस्ट्रोनोमिकल सोसाइटीले जनाएको छ ।

सोमबारदेखि सक्रिय भएको वीणा उल्का वर्षा (लाइरिड मिटियोर सावर) वैशाख १२ गतेसम्म सक्रिय रहने सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले राससलाई जानकारी दिए ।

वैशाख ९ गते राति ९ बजेदेखि सूर्योदयसम्म उल्का वर्षा हेर्न/देख्न सकिने उनले बताए ।

अत्यधिक सक्रियताको समयमा प्रतिघन्टा १५-२० वटा उल्का खसेको देख्न सकिनेछ । 'थ्याचर' नामक पुच्छ्रेताराले छोडेका धुलाका कण पृथ्वीको वायुमण्डलमा घर्षण भई जलेर नष्ट हँदा यो उल्का वर्षा देखिने गर्दछ । 'थ्याचर' पुच्छ्रेताराले सूर्यको एक परिक्रमा लगाउन ४१५ वर्ष लगाउँदछ ।

पुच्छ्रेताराल वा धुम्केतुले सूर्यलाई परिक्रमा गर्ने क्रममा आफ्नो कक्षमा धुलाका कण छोड्ने गर्छन् । जुन लाखौं किलोमिटरसम्म फैलिन सक्छन् । यसरी फैलिएका धुलाका कणले सूर्यलाई परिक्रमा गरिरहेको हुन्छ । परिक्रमा गर्ने क्रममा जब यी धूलाका कणहरु पृथ्वीको वायुमण्डलमा ठोकिन्छन् तब उल्का देखिन्छ । यदि यस्तो दृश्यमा १० वा सोभन्दा बढी उल्का देखिएमा त्यस्तो घटनालाई उल्का वर्षा भन्ने गरिन्छ ।

# भारतीय रुपैयाँसहित पक्राउ

मोरङ/मस-जिल्ला प्रहरी कार्यालय मारङले स्रोत नखुलेको ५९ हजार भारतीय रुपैयाँसहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारत अहमदाबाद गुजरातका ३९ वर्षीय नरेश कुमार बाबुभाई रहेका प्रहरीले जनाएको छ । प्रहरीले उनलाई विराटनगर महानगरपालिका-१५ स्थित २ नम्बर ढाटबाट शनिबार बिहान पक्राउ गरेको हो ।

उनलाई आवश्यक कारबाहीको लागि आन्तरिक राजस्व कार्यालय इटहरी सुनसरीमा बुझाइएको प्रहरीले जनाएको छ ।

## रञ्चुला साउद मृत्यु प्रकरण

# सात जनाविरुद्ध जाहेरी दर्ता



कञ्चनपुर/मस-बेदकोट नगरपालिका-७ मुसेपानीकी ४३ वर्षीया रञ्चुला साउदको मृत्यु प्रकरणमा सात जनाविरुद्ध जाहेरी दर्ता भएको छ । मृतकका देवर पदम साउदले सात जनाविरुद्ध आइतबार प्रहरीमा जाहेरी दिएका हुन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक चक्रबहादुर शाहका अनुसार भीमदत्त नगरपालिका-७ हल्दुखालका धर्मानन्द भट्ट, वडा नं १ बाराकुण्डाका नारायणदत्त भट्ट, मुसेपानीकी कमला साउदविरुद्ध जाहेरी परेको छ । भट्टद्धय र साउद झारफुकको काम गर्छन् ।

यसैगरी स्थानीय कुवेरसिंह साउद, गौरी साउद, कमला साउद, जानकी घडाल र चक्र साउदविरुद्ध ज्यान मार्ने उद्योगअर्न्तगत उजुरी परेको छ । जाहेरी दर्ता भएसँगै घटनाको प्रहरीले अनुसन्धानको कार्य अगाडी बढाएको छ । मृतकको शव महाकाली अस्पतालमा राखिएको छ । मृतकका आफन्तले शव बुझेका छैनन् । घटनाको सत्यतथ्य जाँच गरी दोषीलाई कारबाही हुनुपर्ने उनीहरुको माग छ ।

चैत २८ गते टाउको दुख्ने समस्या देखिएपछि रञ्चुला छिमेकी कमलाको घरमा पुगेकी थिइन । त्यहाँ झारफुक गर्ने धर्मानन्द र नारायणदत्तले रञ्चुलालाई थारुको भूत लागेको बताएका थिए । दिनभर मन्त्र जप्नुपर्ने भन्दै त्यही राखेका र वैशाख १ गते भूत धपाउने भन्दै कुटपिट गर्दा रञ्जुलाको मृत्यु भएको बताइएको छ ।



सम्पादकीय

## जसरी पनि जित्ने ?

प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले स्थानीय चुनाव हुनेमै आशंका गरिरहेका छन् । सोमबार सोलुखम्बु पुगेर पनि अध्यक्ष ओलीले स्थानीय चुनाव हुनेमा अझै आशंका भइरहेको आशंका गरे । तर कुनै हालतमा चुनाव सर्न नदिने समेत ओलीले बताए । प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर पनि आफूले चुनाव सार्ने खेलमा नलाग्न सतर्क गराएको ओलीको कथन थियो । सोलु पुगेर मात्रै नभई अध्यक्ष ओली देश दौडाहाका क्रममा लगातार चुनावप्रति आशंका गरिरहेका छन् । सत्ता साझेदार नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले ओलीको जवाफ दिएपछि केही आशंका मतदाता पनि समेत पर्ने नै भयो ।

जबकी स्थानीय चुनाव रोकिने अब कुनै सम्भावना देखिदैन । ठूलो खर्च गरेर सरकार र निर्वाचन आयोगले चुनावी प्रक्रिया अगाडि बढाएको छ । आउने ११ र १२ वैशाखमा मनोनयन दर्ता पछि चुनाव शुरू हुन्छ । तर केही दिन बाँकी रहँदा पनि आशंका गरिनुको पछाडि राजनीतिक कारण देखिन्छ । त्यो भनेको चुनाव हुनुको जस पनि विपक्षी दल एमालेले लिन चाहेको देखिन्छ । तर त्यसको असरबारे भने एमाले गैरजिम्मेवार रहेको अर्थमा बुझ्न अन्यथा हुँदैन । चुनावबारे अनावश्यक आशंका गर्ने मात्रै नभएर अन्य राजनीतिक एजेण्डामा पनि स्वार्थ केन्द्रीत वकालत दलहरूले गरिरहेका छन् । सधैं विकास निर्माणको जस आफूले लिएर चुनाव जित्न चाहने दलहरूले यसपटक संविधान कार्यान्वयनको विषय समेत उठाउँदैछ । एमाले नेतृत्वको सरकार बदलिनु, प्रतिनिधिसभा विघटन र पुनर्स्थापना प्रमुख एजेण्डा बन्दैछ ।

यो बाहेक पनि चुनाव जित्न दलहरूले एजेण्डा स्थापित गर्न प्रयत्न गरिरहेका छन् । लोकतान्त्रिक प्रक्रियाप्रति नै प्रश्न उठ्नेगरी दलहरूले गठबन्धनको तयारीमा जुटेका छन् । नेता तथा कार्यकर्ता प्रवेश सवैजसो दलहरूको साझा प्रयत्न देखिन्छ । सामान्य विचारधारा समेत नमिल्ने शक्तिहरूबीच गठबन्धन गरिरहेका दलहरूले जुनसुकै पार्टी र जस्तासुकै पृष्ठभूमिका व्यक्ति प्रवेश गराउनुलाई अर्थपूर्ण रूपमा हेर्नुपर्छ । किनकि विचारधारा र राजनीतिक प्रतिबद्धताको चुनावमा विशेष अर्थ हुन्छ । तर जसरी पनि चुनाव जित्ने भन्ने एक सूत्रीय एजेण्डामा दलहरू देखिन्छन् । यसको निष्कर्ष हो– दलहरू जसरी पनि चुनाव जित्न चाहन्छन्, त्यसपछि कुनै हालतमा सत्तामा पुग्ने उद्देश्य लुक्दैन । जबकी आजको आवश्यकता भनेको मतदाताप्रति जिम्मेवार राजनीतिक संस्कृति र शक्तिको हो ।

# सामाजिक सुरक्षा र भ्यू टावरको खेती

*विगतमा झैँ संसदले कार्यकाल पूरा गर्न पाएन । अहिले जोड घटाउको सरकार छ । अर्थतन्त्रका सूचकहरू ओरालो लागेका छन् । नागरिकले राहत पाउने सम्भावना छैन र त सामाजिक सुरक्षा मात्रै नभएर हरेक विषयमा चिन्ता छ ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

विगतमा झैँ देशमा सामाजिक सुरक्षामा चुनौती देखिएका छन् भने विकासको नाममा देशैभरि भ्यू टावरको वर्षा भएको छ। चुनाव लक्षित भ्यू टावरको उद्घाटनमा तीव्रता देखिएको छ। कोरोना कालमा सिटामोलको अभाव मात्र होइन अहिले पनि सिटामोलबारे विवाद छ । गरिब नेपालीको गाँस काटेर उठाइएको राजस्वले अग्ला कंक्रीटका भवनहरू थपिएका छन् । हाम्रा डाँडाकाँडा नै यति धेरै छन्, पहाडी क्षेत्रको पर्यटन भ्रमण गर्दै हेर्न सकिने मनोरम प्राकृतिक दृश्य, स्थलहरूलाई बिर्सिएर सुतेको समृद्धि हेर्न अब भ्यू टावर चढ्न पाइने छ र त संघ र प्रदेश सरकारले विगत ३ वर्षमा बनाएका ६० बढी र स्थानीय सरकारले बनाएका र अभिलेख हुनै बाँकी रहेका असंख्य भ्यू टावर हेरेर समृद्धिको सपना पूरा गर्नुपर्ने भएको छ अहिले ।

तिव्र आर्थिक वृद्धिदर हासिल गरी गरिबी घटाउन र बेरोजगारीको समस्या हल गर्न मुलुकमा उद्योधन्दाहरू थपिनु पर्ने थियो, तर छिमेकबाट आउने बिजुली महँगो भएकै कारण भएका उद्योग क्षेत्रहरूमा दैनिक १० घण्टा लोडसेडिङ्ग शुरू भएको छ । उस्तै उस्तै समस्या देखिएको श्रीलंकाको हालत सबैलाई जग जाहेर छ, कतै हामी पनि ? विगतको लामो समय कोरोनाले ठप्प, त्यसअघि कहिले भूकम्प कहिले आन्तरिक लामो द्वन्दका कारण देश थला परेको हो । भविष्यको आशै आशामा बाँचेका नेपालीले समृद्धिका लागि स्थायी सरकार दिए तर, दलहरूको भागशान्ति नमिलेर चकनाचुर मात्रै भएन लोकतन्त्रको उपहास हुँदै संसदको अकाल मृत्यु समेत भयो । विगतमा झैँ संसदले कार्यकाल पूरा गर्न पाएन । अहिले जोड घटाउको सरकार छ । अर्थतन्त्रका सूचकहरू ओरालो लागेका छन् । नागरिकले राहत पाउने सम्भावना छैन र त सामाजिक सुरक्षा मात्रै नभएर हरेक विषयमा चिन्ता छ । रोजगारीलाई नागरिकको मौलिक अधिकारको रूपमा स्थापित गर्ने सरकारको चासो कागजमै सिमित भएको छ । श्रम क्षेत्रमा देखिएको गतिरोध हटाउन श्रम कानूनमा समसामयिक सुधार गर्ने र श्रमिकको हित संरक्षण गरी औद्योगिक लगानी मैत्री वातावरण तयार गर्ने सरकारी लक्ष्यमा प्रतिबद्धता छैन । विगतमा आरम्भ गरिएको सामाजिक सुरक्षा कार्यक्रम बढी प्रचारमुखी भयो, बिजुलीका पोल पोलमा गएर सरकार टाँसियो । मुलुकबाट श्रम पलायन भएको कुरालाई दृष्टिगत गरी अल्पकालीन र दीर्घकालीन श्रमसँग सम्बन्धित विकास निर्माणका योजनाहरू संचालन गर्ने गरी सरकारले प्राथमिकताको क्रम तय गर्न सकेन ।



मुलुकका विभिन्न स्थानहरूमा रोजगार सूचना केन्द्र राख्ने र बेरोजगारीको भरपर्दो लगत तय गर्ने कार्यमा सरकारको तीव्रता देखिएन । बरू सामाजिक सुरक्षालाई राखिएको रकम प्रशासनिक खर्चमा गयो । उद्देश्यअनुसार प्रगति नभएको यस्तै कार्यक्रम विगतमा पनि भएको तर, दललाई रोजगार दिने गरी नयाँ रूपमा आएको यो कार्यक्रमले आम बेरोजगारलाई रोजगारी दिन सकेन । स्थानीयस्तरको आवश्यकता पहिचान गरी राष्ट्रिय, अन्तर्राष्ट्रिय श्रम बजारको माग अध्ययन गर्ने र यसैअनुरूप प्रतिस्पर्धी गर्न सक्ने दक्ष र सीपयुक्त जनशक्ति उत्पादनमा जोड दिने सरकारी नीति फितलो रह्यो । वैदेशिक रोजगारीलाई वढी मर्यादित वनाउन सकिएन । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण आयलाई उत्पादनमूलक उद्योग व्यवसाय एवम् पूर्वाधार विकासमा लगानी उत्प्रेरित गर्न सकिएन । त्यस्तै निजी क्षेत्रका कम्पनीहरूले रोजगारीका अवसरहरूमा सर्वसाधारण जनताको पहुँच वृद्धि गर्न कर्मचारी भर्ना तथा छनौट प्रक्रिया अनिवार्य रूपमा राष्ट्रिय स्तरका पत्रपत्रिकाहरू एवम् सञ्चारका माध्यमहरूबाट सर्वसाधारणहरूलाई जानकारी दिने गरी कार्यक्रम तय गर्न सकेनन् । सरकारले निकै तामझामका साथ लागु गर्दै प्रचार गरेको सामाजिक सुरक्षा कोषमा धेरै समय व्यतीत हुँदा रोजगारदाता, उद्यमी, प्रतिष्ठानहरू अल्मलिए ।

युवा स्वरोजगार कोष खडा गर्ने, व्यवसाय, खेती, कृषि पेशा, उद्योग एवम् सेवामूलक स्वरोजगार कार्यक्रम सञ्चालन गर्न चाहने युवाहरूका लागि बैंक एवम् वितीय संस्थाहरूबाट सहुलियत ब्याजदरमा विना

> *अहिले विकासको नाममा देशैभरि भ्यू टावरको वर्षा भएको छ । चुनाव लक्षित भ्यू टावरको उद्घाटनमा तीव्रता पनि देखिएको छ । गरिब नेपालीको गाँस काटेर उठाइएको राजस्वले सामाजिक सुरक्षाका शीर्षकमा होइन अनावश्यक अग्ला कंक्रीटका भवनहरू थपिएका छन् । प्रकृतिले नै भ्यू टावर दिएको देशमा गरिब जनताको करबाट गरिब जनताका दुःख हेर्न प्राकृतिक भ्यू टावरमाथि अर्को टावर थपिएको छ ।*

धितो आवधिक ऋण र निःशुल्क व्यवसायिक तालीम उपलब्ध गराइने नीतिलाई अझ प्रभावकारीरूपमा सञ्चालन गर्नु पर्ने थियो । रोजगारीका लागि आम नागरिकलाई सिप विकास तालीम, प्राविधिक सेवा तालीम दिने संयन्त्र तयारी गर्नुपर्ने थियो । शिक्षा, खानेपानी, स्वास्थ्य, सामाजिक सुरक्षण जस्ता सेवामा र रोजगारी प्राप्तिलगायत सम्पूर्ण आर्थिक क्षेत्रमा सबैको सामूहिक सहभागिताको लागि सरकारले विशेष पहल गर्नुपर्ने थियो । स्वदेशमा रोजगारी प्रवर्द्धन गर्न लघु, घरेलु, साना तथा मझौला उद्योगहरूलाई थप प्रोत्साहन र विदेशी लगानीका ठूला उद्योगहरूलाई थप आकर्षण गर्नुपर्ने थियो । कृषि क्षेत्र नै मुलुकको एकमात्र भरपर्दो र सुरक्षित क्षेत्र भएकोले कृषिक्षेत्रमा आधारित आयमूलक कार्यक्रमअन्तर्गत हिमाली भेगमा जडिबुटी एवम् पशुचरण, पहाडी भेगमा फलफूल एवम् उनी गलैँचा उद्योगलगायत कुखुरापालन, दुग्ध व्यवसाय, मह उत्पादन, च्याउ, सागसब्जी यस्ता क्षेत्रको पहिचान गरी स्वरोजगार एवम् गरीबी न्यूनीकरण कार्यमा थप पहल गनुपर्नेमा सरकार केवल चुनावी नारा र दल हितमा मात्र व्यस्त भयो, सरकारी संयन्त्रहरू निस्क्रिय भइदिए ।

प्राकृतिक प्रकोपदेखि मानव निर्मित घटनाहरूबाटै आम नेपालीहरूले आफूलाई पूर्ण सुरक्षित ठान्न सकेका छैनन् । आम राजधानीबासीबाट अहिले पनि ठूलो आर्थिक गतिविधिको आशा गर्न सकेको अवस्था छैन । उद्योग, व्यापार, आर्थिक लगानीका सम्भावना कमै छन् । अहिले पनि व्यापारघाटा अकाशिएको छ । सिन्धुपाल्चोकको जुरेको पहिरो, मेलम्चीको दूर्दशा, ताप्लेजुंगको आगलागी, बारा पर्साको हावाहुरी प्रतिनिधि घटनाहरू मात्र हुन् । तत्काल राहत कार्यमा जुट्न नसकिएको अस्था देखियो । प्राकृतिक विपत्तिले मुलुकको पूर्वदेखि पश्चिमसम्म अप्ठ्यारो बनाएको छ। भौगोलिक विषम परिवेश हाम्रो नियती बन्यो र सामाजिक सुरक्षाको अनुभूति भएन । राज्यको हरेक कार्य सामाजिक सुरक्षा केन्द्रित रहनुपर्छ । ज्येष्ठ नागरिक, एकल महिला, लोपोन्मुख जाति, अशक्त, विकलाङ्ग, बालबालिका, आदिबासी, जनजाति, मधेसी, ग्रामीण, दुर्गम भेगका, द्वन्द्व प्रभावित, ठूला रोगबाट पीडित, लागु औषध दुर्व्यसनीदेखि कुनै पनि जोखिम झेलिरहेका आम नागरिकसमेतले राज्यबाट सुरक्षण चाहेका हुन्छन् । सरकारका विभिन्न क्षेत्रगत मन्त्रालयहरूबाट तत् तत् विषयमा ठूलै लगानी भएका देखिन्छन् यी कार्यहरूमा । ज्येष्ठ नागरिक, एकल महिला, विकलांग भएका व्यक्ति लगायत सामाजिक सुरक्षा भत्ता पाउन योग्य व्यक्तिहरू नै लाखौं छन् हामीकहाँ । शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रगत मन्त्रालयहरूबाट यस्ता कार्यक्रमहरू अनिगिन्ती सञ्चालित छन् । चुनाव ताका प्रतिमास रू. ५ हजार बृद्धभत्ता दिने सपना बाँडियो तर, पूरा गरिएन । सरकारले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क भने पनि, सबैका लागि स्वास्थ्य र सरसफाइ भने पनि भनाइ र गराइमा धेरै ठूलो अन्तर देखियो । सबै तहको शिक्षा माविद्यार्थीको पूर्ण निरन्तरता छैन भने निरन्तरता पाउनेको पनि उपलब्धि सन्तोषजनक देखिँदैन । समावेशी, समन्यायको आधारमा सबै भौगोलिक क्षेत्र, वर्ग, लिंग, जातजातिको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढाउन सकिएको छैन । सरकारी अस्पतालहरूमा पाइलो टेक्ने ठाउँ हुन्न । निजी अस्पतालले एकै पटक ढाड सेकाइदिन्छन् ।

सामाजिक सुरक्षाको मूलभूत विषय खानेपानी एवम् सरसफाइ हो । कहिले कोरोना, कहिले डेंगो प्रकोपले सबैको सपना अन्यौल बनाएको छ । सडकको अवस्था सन्तोषजनक छैन । शुद्ध, सफा, गुणस्तरीय पिउने पानी र सरसफाइको न्यूनतम विषय नै हाम्रा लागि पहाड बनेको छ । सहस्राब्दी विकास लक्ष्यअनुरूप सन् २०१५ सम्ममै नेपालीहरू खानेपानीको गुणस्तरीय सेवा पाउनु पर्ने थियो । राष्ट्रिय जलयोजना, २००५ अनुसार सन् २०१७ सम्म शतप्रतिशत नेपालीहरूले आधारभूत स्तरको खानेपानी र सरसफाइ सेवा पाउने लक्ष्य थियो । सरकारले धेरै गाविसहरूलाई नगरपालिका घोषणा गरेको छ। जहाँ न्युनतम सरसफाइ एवम् खानेपानी सुविधा नै छैन, केवल कर प्रयोजनमा सीमित भएका छन् यी संस्थाहरू । आगलागीमा दमकल पुग्न नसक्ने हाम्रै राजधानी हो । काठमाडौंलगायत ठूला सहर एवम् दुर्गम पहाडी हिमाली क्षेत्रको सडक यातायात सञ्जाल एवम् प्राकृतिक र अप्राकृतिक जटिलताहरूले थुप्रै चुनौतीहरू थपेका छन् । सामाजिक अपराध, बैंकहरूबाट पैसा ह्याकिङ्ग, नयाँ-नयाँ दुर्व्यसनीहरूदेखि नयाँ-नयाँ हिंसा, चोरी, लुटपाटका गतिविधि, श्रृंखलाहरू बढेका छन् । सक्रिय युवा शक्ति विदेशिएको छ भने वृद्धाश्रमहरूको संख्या थप्नुपर्ने विवशताहरू छन् । ज्येष्ठ नागरिकहरूको ज्ञान, शीप र अनुभवको पुस्ता हस्तान्तरण हुन सकेको छैन । सडक बालबालिका सुस्त मनस्थिति, बालश्रमिक, किशोर किशोरीप्रतिको सुरक्षा, संरक्षण तिनीहरूप्रति सदासयता देखाउन सकिएको छैन । पिछडिएका, विपन्न, दलित लोपोन्मुख एवम् सिमान्तीकृत लक्षित समुदायलाई जनता आवास कार्यक्रम, गरिब घर परिवारलाई परिचय-पत्र वितरण गर्दैमा राज्यको दायित्व पूरा हुँदैन । छरिएर रहेका सामाजिक सुरक्षा कार्यक्रमहरूलाई एकीकृत रूपमा समन्वय गर्न जरूरी छ ।

## सामाजिक सञ्जाल



**- सौगात गौतम**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**PALIV INTERNATIONAL PVT. LTD.**
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Chapalkarkhana, Kathmandu Tel: 01-4418268, 4418716
Email: info@Palivinternational.com, palivinternational74@gmail.com | URL: www.palivinternational.com

# ‘मारियोपोलको रक्षाका लागि अन्तिमसम्म लड्ने छौं’

**काठमाडौं/एजेन्सी–** युक्रेनले मारियोपोलको रक्षाका लागि ‘अन्तिमसम्म’ लडिरहेन बताएको छ। रुसी आक्रमणको गम्भीर निशानामा परेको रणनीतिक रूपमा महत्त्वपूर्ण तटीय शहर मारियोपोल हाल घेराबन्दीमा छ। रुसले मारियोपोल शहर अधिकांश रूपमा आफ्नो कब्जामा आएको दाबी गर्दै बाँकी रहेका सीमित युक्रेनी सैनिकलाई आत्मसमर्पण गर्न भनेको थियो।

ज्यान जोगाउने भए हतियार बिसाएर आत्मसमर्पण गर्न रुसी रक्षा मन्त्रालयले आइतबारको समयसीमा दिएको थियो। तर युक्रेनले रुसको अल्टिमेटम अस्वीकार गर्दै अन्तिम समयसम्म आफ्नो भूमिको रक्षाका लागि लड्न बताएको हो।

युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले आफ्नो भूमि र नागरिकलाई लिएर कुनै सम्झौता नगर्ने बताउँदै आएका छन्। तर रुसले भने आत्मसर्मपण गर्न अस्वीकार गर्ने युक्रेनी सैनिकलाई ‘एलिमिनेट’ (हत्या) गर्ने चेतावनी दिएको छ। युक्रेनले अन्तिम समयसम्म लड्ने बताए पनि मारियोपोलमा रुसी सैनिकसँग लड्नका लागि आवश्यक सैन्य तथा अत्यावश्यक सामग्री भने पुग्न सकेका छैनन्। युक्रेनी राष्ट्रपति जेलेन्स्कीले मारियोपोलको अवस्था अमानवीय रहेको भन्दै रुसले नियतवस नै मारियोपोललाई पूर्ण रूपमा ध्वस्त पार्न चाहेको बताएका छन्। मारियोपोलमाथि पूर्ण कब्जाको मार्गमा रहेको रुसका लागि गएको फेब्रुअरी २४ देखि थालेको युद्धमा हालसम्मकै ठूलो सफलता हुन सक्ने छ। रुसले लगातार गरिरहेको गोलाबारी तथा सडकमै भएका भीडन्तका कारण मारियोपोल शहर अधिकांश रूपमा ध्वस्त भएको छ। मारियोपोल शहरमा रुसी आक्रमणका कारण कम्तीमा २१ हजार युक्रेनीको मृत्यु भइसकेको छ।

युक्रेनी प्रधानमन्त्री डेनिस शमिहालले एबिसीसँग भनेका छन्, ‘शहर अझैसम्म रुसको कब्जामा गएको छैन। त्यहाँ अझै पनि हाम्रा सैनिक छन्, उनीहरूले अन्तिमसम्म लड्ने छन्।’ मारियोपोल एजोभ समुद्रमा रहेको युक्रेनको सबैभन्दा ठूलो बन्दरगाह शहर हो। यो बन्दरगाहबाट युक्रेनले खाद्यान्न, फलाम, स्टील, ठूला मेसिनसहितको निर्यात गर्ने गरेको छ।

रुसले मारियोपोल कब्जा गरेमा युक्रेनका लागि गम्भीर धक्का पुग्ने छ। मारियोपोल



कब्जामा लिएमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनलाई सम्झौता गर्नका लागि बाध्य पार्न सक्ने छन्।

यसैबीच रुसले गरेको हवाई आक्रमणमा परेर युक्रेनमा थप छ जनाको मृत्यु भएको छ। अधिकारीहरूले अरु आठ जना घाइते भएको पनि जानकारी दिएका छन्। देशको पश्चिमी क्षेत्रमा पर्ने एलभिभ सहरमा सोमबार आक्रमण भएको अधिकारीहरूले जनाएका छन्।

क्षेत्रीय गभर्नरले दिएको जानकारी अनुसार यस आक्रमणलाई अस्वभाविक र अप्रत्याशित मानिएको छ। ‘अहिलेसम्म हामीले कम्तीमा छ जनाको मृत्यु भएको र अरु आठ जना घाइते भएको पुष्टि गर्न सक्छौं,’ उनले भने। घटनामा परेका मध्ये केही बालबालिका समेत रहेको पनि उनले जानकारी दिए।

यस्तै युक्रेनको पश्चिमी शहर ल्भिभमा सोमबार बिहान पाँचवटा शक्तिशाली मिसाइल आक्रमण हुँदा छ जना सर्वसाधारणको मृत्यु भएको र हावामा धुवाँको मुस्लो निस्किएको रुसी मिडिया आउटलेट द किभ इन्डिपेन्डेन्टले जनाएको छ। ल्भिभका मेयर एन्ड्री साडोवीका अनुसार रुसी सेनाले अप्रिल १८ का दिन बिहान ल्भिभमा पाँचवटा मिसाइल प्रहार गरेको थियो। क्षतिको विवरण अझै स्पष्ट भइसकेको छैन। घाइतेको संख्या आठ पुगेको छ भने मृत्यु हुनेको संख्या बढ्ने क्रममा छ। ल्भिभ क्षेत्रका बासिन्दाहरूलाई आश्रयस्थलमा बस्न भनिएको छ। त्यहाँ हवाई हमलाको चेतावनी अझै जारी छ।

रूसले पहिलो पटक देशमा आक्रमण गर्दा युक्रेनमा सबैभन्दा धेरै शरणार्थीहरू ल्भिभ शहरमा आएका थिए। खार्किभ, कीभ, खेरसोन र अन्य ठाउँबाट धेरै मानिसहरू आफ्नो ज्यान बचाउन परिवारसहित त्यहाँ आएका थिए। मार्च १३ मा पश्चिमी युक्रेनी शहर ल्भिभमा रुसी सेनाले कुनै पूर्व जानकारीविना त्यस शहरमा एक्कासि आक्रमण गरेपछि पहिलो पटक ठूलो विष्फोट भएको थियो। गत फेब्रुअरी २४ मा डोनेट्स्क र लुहान्स्क जन गणतन्त्रहरूले आफ्नो रक्षा गर्न मद्दतको लागि अनुरोध गरेपछि रुसले युक्रेनमा विशेष सैन्य कारबाही शुरु गरेको हो। उक्त आक्रमण पछि रुसले अहिले अन्तर्राष्ट्रिय दबाबको सामना गरिरहेको छ।

# श्रीलंकामा १७ सदस्यीय मन्त्रिमण्डल पुनर्गठन

**काठमाडौं/एजेन्सी–** संकटमा परेका श्रीलंकाका राष्ट्रपति गोताबाया राजापाक्षेले आफ्नो राजीनामाको माग गर्दै विरोध भइरहेका बेला १७ सदस्यीय मन्त्रिमण्डल पुनर्गठन गरेका छन्। राजापाक्षेले यसअघि आफ्नो मन्त्रिपरिषद् खारेज गरेर विपक्षी दलहरूलाई नयाँ सरकार गठन गर्न मद्दत गर्न आह्वान गरेका थिए। तर, विपक्षीहरूले अस्वीकार गरेका थिए।



उनले अहिले आफ्नै पार्टीका केही सदस्यहरूलाई विभिन्न मन्त्रालयको जिम्मेवारी दिएका छन्। अहिले नियुक्त गरिएका सबै मन्त्रीहरू पुरुष हुन्। यसअघि एक जना महिला मन्त्री थिइन्। तर यसअघि राजीनामा नदिएका प्रधानमन्त्री महिन्दा राजापाक्षेबाहेक नयाँ मन्त्रिमण्डलमा राजापाक्षे परिवारका सदस्यहरू परेका छैनन्।

सन् १९४८ मा बेलायतबाट स्वतन्त्र भएपछि श्रीलंका सबैभन्दा खराब आर्थिक संकटसँग जुधिरहेको छ। यो आंशिक रूपमा विदेशी मुद्राको अभावको कारणले भएको हो। विदेशी मुद्राको अभावका कारण श्रीलंकाले प्रमुख खाद्यान्न र इन्धनको आयातका लागि भुक्तानी गर्न नसक्ने अवस्थामा पुगेको छ। यसले तीव्र अभाव र धेरै उच्च मूल्यवृद्धि निम्त्याएको छ।

आधा दिन वा सोभन्दा बढी समयसम्म विद्युत् कटौती र खाद्यान्न, औषधि र इन्धनको अभावले जनआक्रोश नयाँ उचाइमा पुगेको छ। गत हप्ता श्रीलंकाले बाह्य ऋण अन्तरिम कालका लागि भुक्तानी नगर्ने घोषणा पनि गऱ्यो। सोमबारदेखि सेयर बजार पनि एक साताका लागि स्थगन गरिएको छ।


## नेपाल सरकार
## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## सडक विभाग
## सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
## सडक डिभिजन, सुर्खेत

**प्राबिधिक प्रस्ताव स्वीकृति/आर्थिक प्रस्ताव खोल्ने सूचना**

**प्रकाशित मिति: २०७९-०१-०६**

यस सडक डिभिजन बाट मिति २०७८-११-१० गतेको हिमालय टायम्स दैनिकमा प्रकाशित सूचना नं. ७-०७८।७९ तथा www.bolpatra.gov.np/egp मार्फत आह्वान गरिएको ठेक्काको लागि म्याद भित्र दर्ता भएका बोलपत्रहरु खोलि प्राबिधिक प्रस्तावहरु मुल्यांकन गरिदा तपसिल अनुसारका बोलपत्रदाताहरुको प्राबिधिक प्रस्तावहरु सारभूत रुपमा प्रभावग्राही भई योग्यताको आधारमा सफल भएको हुँदा सार्बजनिक खरिद नियमावलीको नियम ३१ (ङ) को (४) र (५) अनुसार आर्थिक प्रस्ताव मिति २०७९-०१-१३ दिनको १ बजे यस कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | प्राबिधिक प्रस्ताव मुल्यांकनबाट छनौट भएका बोलपत्रदाताहरु |
|---|---|---|
| १ | RDSKT/33701138-4/ 078/79-67 | M/S Pantha-Akriti JV |
| | | M/S Shyam and Shankar/Jwala Panchakoshi JV |
| | | M/S Majdur-Nepal Mega-Neupane JV |
| | | M/S Galwa-Bajrangbali JV |
| | | M/S Hamro-New Dipak-Badimalika JV |
| | | M/S B.N.-Trishakti-Dawa JV |
| | | M/S.PUSPANJALI/P.S.-JV |
| | | M/S.Mission-N.K. J/V |
| | | M/S.Y.S.S Nirman Sewa Pvt.Ltd |
| | | M/S.Dhulikhel Nirman Sewa Pvt.Ltd |
| | | M/S.Nanjila & Aakansha Construction & Suppliers |
| २ | RDSKT/33731011-3/ 078/79-68 | M/S Green Peace Builders (P) Ltd. |
| | | M/S YSS Nirman Sewa(P).Ltd |
| | | M/S Shyam and Shankar/Jwala Panchakoshi JV |
| | | M/S Nepal Mega GT JV |
| ३ | RDSKT/33701169-4/ 078/79-69 | M/S GT Construction. |
| | | M/S Hamro –MM J/V |
| | | M/S Shyam and Shankar/Jwala Panchakoshi JV |
| | | M/S Majdoor/Nepal Mega/Neupane JV |

डिभिजन प्रमुख



## Malaysia मा रोजगार | 1. Company : KL RIA INDUSTRIES SDN BHD (293419-W) City: Desa Tun Rajak

पूर्व स्वीकृत मिति: २०७९/०१/०५ चलानी नं.: ६०१७८०४९ LT. No.: 261583

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | स. काममा दक्ष | 1200 | ३४,४५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

1. Company : TRENDY APPAREL (M) SDN. BHD. City: JALAN

पूर्व स्वीकृत मिति: २०७६/०९/२२ चलानी नं.: ६०१४९७०९ LT. No.: 230608 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 9 | 0 | स. काममा दक्ष | 1100 | ३१,५८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ बैशाख १३ गते (26 April 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रोजगार दाताले व्यहोर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**कोशी ईन्टरनेशनल सर्भिसेज् प्रा. लि.**

श्रम इजाजत नं. ४९८/०६१/०६२

फुर्तिमान मार्ग, विशालनगर- ४, काठमाडौं, नेपाल, फोन: ४४२३६०३, ४४२३६०४



## Kohalpur Municipality
## Office of Municipal Executive
Kohalpur, Banke
Lumbini Province, Nepal

**Re-Invitation For Bids**

**Third Date of Publication : 2079/01/06 (April-19-2022)**

Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke invites bid from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BANKE/KOMUN/ W/SQ-13/2078/079 | Advertisement Revenue Collection works at Kohalpur Municipality, Banke | 45 days | 550,000.00 | 15000.00 | 1000.00 | |

**Further Information to bidders;**

| | |
|---|---|
| Last date and time of Bid Submission and opening | 2079/01/ 21 ( May-04-2022 ) ( upto 12:00 Noon), 2079/01/ 21 ( May-04-2022 ) ; at 1:00 PM, At Kohalpur Municipality Office, Kohalpur, Banke |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Agriculture Development Bank, Kohalpur, Banke, AC. Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Kohalpur Branch, Account Number : 0720501000235217 |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur, Banke Contact No: 081-540318



## कुवेतमा रोजगारको अवसर | १. कम्पनी: BAB AL KUWAIT PRESS CO शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०१/०५ चलानी नं.: ६०१७८०५८ LT. No.: 261845

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 150 | ५९,७४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AL-WATANIYA CATERING GROUP CO. शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०१/०५ चलानी नं.: ६०१७८०५९ LT. No.: 261846

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY DRIVER | 12 | 0 | सम्बन्धित काममा दक्ष | 170 | ६७,७१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | LABOUR | 40 | 0 | | 90 | ३५,८४९ | | | | | | | |
| 3. | waiter | 0 | 25 | | 120 | ४७,७९९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख १३ गते (26 April 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**

सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल

फोन: ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411

Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com

Gov. lic. No. 793/065/66

# बक्स अफिस समाचार



## 'ए मेरो हजुर ४'ले कति कमायो ?

काठमाडौं/मस- झरना थापा निर्देशित चलचित्र 'ए मेरो हजुर ४'ले बक्स अफिसमा राम्रो कलेक्सन गरेको छ।। नयाँ वर्षको अवसर पारेर प्रदर्शनमा आएको चलचित्रले प्रदर्शनको ३ दिनको कलेक्सन देशभरबाट २ करोड ५० लाख माथि गरेको छ।

पहिलो दिन देशभरबाट ८८ लाख कलेक्सन गरेको चलचित्रले प्रदर्शनको दोस्रो दिन ६६ लाख र तेस्रो दिन ८९ लाख कलेक्सन गरेको चलचित्र वितरक गोविन्द शाहीले बताए । 'ए मेरो हजुर ४' प्रदर्शन अगावै निक्कै विवादमा पर्‍यो । कहिले गीत, कहिले प्रमोशनमा प्रयोग गरिएको सिन त कहिले ट्रेलरमा प्रचार गरिएको अंश नै विदेशी फिल्मबाट चोरी भएको भेटिएपछि प्रचारकै क्रममा झरना लगायत टिमले आलोचना खेप्नु पर्‍यो ।

आलोचनासहित प्रदर्शनमा आएको यो चलचित्र प्रतीक्षित दक्षिण भारतीय फिल्म 'केजिएफ-२' सँग जोध्नु पर्‍यो । राम्रो प्रचारसहित प्रदर्शनमा आए पनि चलचित्रलाई प्रदर्शकले हेपाहा प्रवृति देखाए ।

विभिन्न हलवालाहरुले पाइरहेको शो घटाइदिए । शुरुमै 'केजिएफ-२'ले भन्दा 'ए मेरो हजुर ४'ले निकै थोरै शो पाएको थियो । यस परिस्थितिमा पनि ३ दिनमा २ करोड ५० लाख कलेक्सन गर्नु धेरै राम्रो पक्षको भएको फिल्मकर्मीहरु बताउँछन् ।

चलचित्र 'ए मेरो हजुर ४'मा अनमोल केसी, सुहाना थापा, सलोन बस्नेत, रवि गिरी, सरोज खनाल, लुनिभा तुलाधर, रक्षा गौतम लगायतका कलाकारले अभिनय गरेका छन्। चलचित्रको कथा निर्देशक झरनाले नै लेखेकी हुन्।

सुनिल कुमार थापाले निर्माण गरेको चलचित्रको संवाद तथा पटकथा लेखनमा निर्देशक थापालाई स्व निर्देशक छेतेन गुरुङले साथ दिएका थिए ।

## चार हललाई कारबाही सिफारिस



**काठमाडौं/मस-** चलचित्र विकास बोर्डले अनुगमनका क्रममा दोषी पाइएका सिनेमा हललाई कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरेको छ । बिग मुभिज, एफक्युब, वीएसआर र वान सिनेमाजमा अनुगमन गरिएको थियो । अनुगमनका क्रममा दोषी पाइएपछि यी हललाई कारबाहीका लागि सिफारिस गरिएको हो ।

डाटा नपठाउने, पठाए पनि डाटा फेरबदल गर्ने गरेको पाइएको र यसको मुख्य उद्धेश्य राजश्व छली रहेको भन्दै कारबाहीका लागि आन्तरिक राजश्व कार्यालय र गृह मन्त्रालयमा पठाइसकिएको चलचित्र विकास बोर्डका सदस्य अर्जुनकुमारले जानकारी दिए ।

बिना अनुमति रातको समयमा सिनेमा चलाएको गुनासो आएपछि बोर्डले हल अनुगमन सुरु गरेको थियो । बिहीबार, शुक्रबार र शनिबार अनुगमन गरिएको अर्जुनकुमारले बताए ।

मंगलबार बिहान अनुगमनबारे बोर्डले समीक्षा बैठक राखेको छ । बैठकबाट निर्णय गरेर काठमाडौंसहित देशभर अनुगमनमा जाने अर्जुनकुमारले जानकारी दिए । समीक्षा बैठकले कानुनको उल्लंघन गर्ने हललाई के कस्तो कारबाही गर्ने भन्ने निर्णय गर्ने बताइएको छ ।

सञ्चार मन्त्रालय तथा चलचित्र विकास बोर्डसँग अनुमति नलिई रातको समयमा भारतीय चलचित्र 'केजीएफ च्याप्टर-२' केही सिनेमा हलले प्रदर्शन गरेका थिए । दर्शकको चाप उच्च देखिएपछि राति १ बजेदेखि बिहान ५ बजेसम्म काठमाडौंका केही मल्टिप्लेक्सले शो चलाएका थिए ।

चलचित्र नियमावली, २०५७ मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तोकिदिएको समयमा मात्रै चलचित्र प्रदर्शन गर्न पाइने उल्लेख छ । तर, नियमावलीमा समय नै भने तोकिएको छैन ।

## नुतन बने मिष्टर नेपाल वर्ल्ड




**काठमाडौं/मस-** 'मिष्टर नेपाल वर्ल्ड २०२२' को उपाधि मोरङका नुतन श्रेष्ठले जितेका छन् । २६ वर्षिय श्रेष्ठले ३५ प्रतियोगीलाई पछि पार्दै उपाधि जितेका हुन् । विजेता श्रेष्ठले ५ लाख नगदसहित 'मिष्टर वर्ल्ड २०२२' मा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेका छन् । श्रेष्ठलाई यस अघिल्लो 'मिष्टर नेपाल वर्ल्ड' विजेता डा. सन्तोष उपाध्यायले उपाधि हस्तान्तरण गरेका थिए ।

प्रतियोगितामा झापाका २३ वर्षीया अभिषेक चुँडाल फर्स्ट रनर्स अप, काठमाडौंका २९ वर्षीय एलिस गिरी सेकेन्ड रनर्स अप, कैलालीका २१ वर्षीय समिप शाही थर्ड रनर्स अप तथा मोरङका २७ वर्षिय विशाल कट्वाल फोर्थ रनर्स अप भएको आयोजकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । उनीहरुले क्रमशः ५० हजार, ३० हजार, २० हजार र १५ हजार नगद पुरस्कार प्राप्त गरेका छन् ।

प्रतियोगितामा पूर्व मिष्टर नेपालद्वय डा. आयुष्मान घिमिरे र सन्दिप पोखरेल, पूर्व मिस नेपाल ईशानी श्रेष्ठ, अभिनेत्री रिचा शर्मा, संचारकर्मी एवं अभिनेता सुरज सिंह ठकुरी तथा फोटोग्राफर राज भाई सुवाल निर्णायक थिए ।

## 'सम्झना बिर्सना'को ट्रेलर रिलिज

काठमाडौं/मस- निमेष प्रधान निर्देशित फिल्म 'सम्झना बिर्सना'को ट्रेलर सार्वजनिक भएको छ । सोमवार सार्वजनिक भएको तीन मिनेट चार सेकेन्ड लम्बाईको ट्रेलरमा अभिनेता आकाश श्रेष्ठ र अभिनेत्री पूजा शर्माबीचको प्रेममा आउने उचार-चढावलाई देखाइएको छ । अफिसको सिइओ र कर्मचारीबीचको प्रेमलाई फिल्मले प्रस्तुत गरेको ट्रेलरबाट स्पष्ट बुझ्न सकिन्छ । ट्रेलरमा कमेडी र रोदन पनि मिश्रित छ ।



दार्जिलिङ, सिक्किम र नेपालको जीवन पद्दतिको प्रेमकथामा आधारित भएर निर्माण भएको फिल्मलाई आदित्य प्रधान र रेविका प्रधानले निर्माण गरेका हुन् । फिल्मको कथा तथा पटकथा निर्देशक निमेष प्रधान स्वयंले तयार पारेका हुन् । सुनिल थापा, शिशिर राणा, छुल्ठिम गुरुङलगायतका कलाकारहरुको पनि अभिनय रहेको फिल्म ' आदित्य फिल्मस्'को ब्यानरमा निर्माण भएको हो ।

कोरोना महामारीअघि भारतको सिलिगुडी, दार्जिलिङ र सिक्किम क्षेत्रमा छायांकन भएको फिल्ममा शिव ढकालको छायांकन, तारा थापा ' किम्भे'को सम्पादन र कमल राईको कोरियोग्राफी छ । शिशिर राणा र निमेष प्रधानले मिलेर फिल्मको संवाद लेखेका हुन् । आगामी जेठ ६ गतेबाट प्रदर्शनमा आउन लागेको 'सम्झना बिर्सना'लाई पूजा र आकाशको स्टारडमको परीक्षा मानिएको छ ।

## 'गोरे सार्की'मा सौगात !

**काठमाडौं/मस-** निर्माता अर्जुन कुमारको नयाँ फिल्म 'गोरे सार्की'मा अभिनेता सौगात मल्ल आवद्ध भएका छन् । फिल्ममा सौगातको मुख्यम भूमिका रहेको निर्माता अर्जुन कुमारले जानकारी दिए । उनले लिखित सम्झौता भने हुन बाँकी रहेको बताएका छन् । उनले भने, 'अभिनेतामा सौगात मल्ललाई फाइनल गरिसकेका छौं, तर लिखित सहमति भने भएको छैन, अब चाँडै नै लिखित सम्झौता गर्ने तयारीमा छौं ।'

जेठ अन्तिमदेखि छायांकन शुरु हुने लक्ष्य राखिएपनि पछिल्लो समय अन्य फिल्मको छायांकनमा व्यस्त रहेका सौगातको समय मिलेपछि मात्र प्रोजेक्ट अघि बढ्ने बताइएको छ । सौगात अहिले '२ नम्बरी' फिल्मको सुटिङमा व्यस्त छन् । त्यसबाहेक उनी अन्य अनटाइटल तीनवटा फिल्मको तयारीमा छन् । 'सौगातको समयानुसार मात्र फिल्मलाई अघि बढाउँछौं,' फिल्मका निर्देशक निकेश खड्काले भने, 'गोरे सार्कीको भूमिकामा सौगात नै उपयुक्त हुने हाम्रो ठम्याइ छ ।'



सौगातले पनि चार-पाँच वर्षअघि नै स्क्रिप्ट पढेको र आफूलाई मन परेको बताए । 'गर्ने भन्ने कुरा हो, कहिलेदेखि फिल्म सुरु हुन्छ, निश्चित छैन,' उनले भने । सोसल कमेडी जनरामा बन्न लागेको फिल्मलाई 'चपली हाइट ३'का लेखक आकाश बरालले ल े ख े का हुन् ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०१/०६**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिती २०७५/०१/३१ को निर्णयानुसार यस गुरुकुल एकेडेमी मोरङ्ग प्रा.लि. (प्रा.लि.नं. १३५२७९/०७१/०७२) कम्पनी को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी गुरुकुल पाठशाला मोरङ्ग प्रा.लि. (Gurukul Pathshala Morang Pvt. Ltd.) ले सकार्ने ब्यहोर्ने गरी नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही ब्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**गुरुकुल पाठशाला मोरङ्ग प्रा.लि.**
**(Gurukul Pathshala Morang Pvt. Ltd.)**
**(प्रा.लि.नं.: १३५२७९/०७१/०७२)**
**मोरङ्ग जिल्ला, वेलवारी न.पा. वडा नं. ३**

### नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०१/०६**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिती २०७८/१२/१३ को निर्णयानुसार यस नेपाल छुर्पी उद्योग प्रा.लि. (प्रा.लि.नं. २०५४७५/०७५/०७६) कम्पनी को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी उर्लावारी डेरी उद्योग प्रा.लि. (Urlabari Dairy Udhyog Pvt. Ltd.) ले सकार्ने ब्यहोर्ने गरी नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही ब्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**उर्लावारी डेरी उद्योग प्रा.लि.**
**(Urlabari Dairy Udhyog Pvt. Ltd.)**
**(प्रा.लि.नं.: २०५४७५/०७५/०७६)**
**मोरङ्ग जिल्ला, उर्लावारी न.पा. वडा नं. ५**

### मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

**वामीटक्सार, गुल्मी**

**बोलपत्र स्वीकृतीको आशयको सूचना**

**प्रकाशित मिति २०७९/०१/०६**

यस कार्यालयवाट मिति २०७८/११/२० गते प्रकाशित दुनाम मुसिकोट वडागाँउ खानेपानी योजना सम्वन्धि सार्वजनिक सूचना अनुसार अनलाईन मार्फत दर्ता हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिल वमोजिम बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिई उक्त बोलपत्र मिति २०७८ चैत्र २९ गतेको कार्यालयको वैठकको निर्णयअनुसार स्वीकृतीको लागी छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ वमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीको लागी बोलपत्र स्वीकृत गर्न ७ (सात) दिने आशयको सूचना जारी गरिएको छ ।

**तपसिल**

| क्र.स. | विवरण | ठेगाना | बोलपत्र दाताको नाम र ठेगाना | कवोल रकम रु. (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| १ | दुनाम मुसिकोट वडागाँउ खानेपानी योजना (ठेक्का नं.: M/WORKS/WS/03/2078-79) | मुसिकोट नगरपालिका | नुतन निर्माण सेवा प्रा.लि. रेसुङ्गा-९, गुल्मी | ३१४५६७६.९६ |

**वोधार्थ :**
**१. रन्जित रन्जन कन्स्ट्रकशन प्रा. लि. अमरपुर-७, गुल्मी,**
**२. सूर्योदय कन्स्ट्रकशन, वडागाउ -५, गुल्मी,**
**३. पुष्पान्जली निर्माण सेवा, तानसेन-९, पाल्पा**

**नि. प्रमुख प्रशासकीय अधिकृत**

**Province Government**
**Sudurpaschim Province**

### Ministry of Economic Affairs

**Dhangadi, Kailali**

### Invitation for Bids

**First Date of publication: 19 April, 2022 (2079/01/06)**
***Invitation for Bids No: MOEA/PG/NCB/04/2078-079***

1. ***Province Government of Sudurpaschim Province, Ministry of Economic Affairs has allocated funds*** towards the cost of ***Construction of Administrative Building of Ministry of Economic Affairs*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for Construction of Administrative Building Ministry of Economic Affairs*** Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Province Ministry of Economic Affairs*** invites electronic bids from eligible bidders for the construction of ***Construction of Administrative Building of Ministry of Economic Affairs*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
3. The summary of contracts is given below.

| S N | Contract ID No | Project Name | Minimum Work Experience of Similar Size & Nature | Bid Document Fee, NRs | Average Annual Constrution Turnover (AACT), NRs | Bid Security, NRs |
|---|---|---|---|---|---|---|
| 01 | **MOEA/PG/ NCB/ 04/ 2078-079** | Construction of Administrative Building of Ministry of Economic Affairs Dhangadhi Kailali | Participation as Prime contractor, management contractor, or subcontractor, in at least One 2-storey building Contract within the last Five (5) years, with a value of at least NRs. 1,97,00,000 that have been successfully or are substantially completed and that are similar to the proposed works. The similarity shall be based on the physical size, complexity, methods, technology or other characteristics as described in Section VI Works Requirements. **Each Partner in case of JV** at least one 3-storey building Contract within the last five (5) years with a value of at least NRs 2180000.00 that have been successfully or are substantially completed and that are similar to the proposed works. | 5,000.00 | 3,69,00000.00 | 6,50,000.00 |

4. Eligible bidder may seek detailed notice form ministries official web site http://moeap.sudurpashchim.gov.np/ and also may visit PPMO e-GP system www.bolpatra.gov.np/egp to participate in bidding process.

# नवौं राष्ट्रिय खेलकुदमा ३८ खेलको प्रस्ताव



**काठमाडौं/मस–** गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ३८ खेललाई सहभागिता गराउने प्रस्ताव भएको छ। राष्ट्रिय खेलकुद परिषद्ले नवौं राष्ट्रिय खेलकुदमा ३८ खेललाई सहभागि गराउने गरेर प्रस्ताव गरेको छ।

जसमा भलिबल, फुटबल, क्रिकेट, बास्केटबल, कबड्डी, हक्सी, खोखो, चेस, ह्याण्डबल, ट्रायथलन, गल्फ, प्याराग्लाइडिङ, रग्बी, डान्स स्पोर्टस, एथ्लेटिक्स, इ स्पोर्टस, बक्सिङ, तेक्वान्दो, भारत्तोलन, कराँते, सेपाक्टाक्रो, टेबल टेनिस, कुस्की, ब्याटमिन्टर, उसु, जुडो, आईटिएफ, फुल कन्ट्याक्ट कराते, स्क्वास, सुटिङ, जिम्नास्टिक, लन टेनिस, सफ्ट टेनिस, आर्चरी, फेन्सिङ, बडिबिल्डिङ र पौडी रहेका छन।

जेठ २२ गतेदेखि २८ गतेसम्म हुने प्रतियोगितामा सहभागिता गराउने खेलका बारेमा सातै प्रदेशका कार्यकारी प्रमुखले छलफल समेत गरेको सहभागि एक प्रतिनिधीले बताए। अब प्रस्तावित खेलको निर्णय शुक्रबार बस्ने राखेपको बोर्ड बैठकले औपतारिक निर्णय गर्नेछ। राखेपको करिव तीन बर्षपछि यहि शुक्रबार बोर्ड बैठक बस्दैछ। युवा तथा खेलकुद मन्त्री महेश्वर गहतराजको अध्यक्षतामा राखेपको बोर्ड बैठक बस्न लागेको हो।

बैठकमा प्रदेश १ खेलकुद परिषद्का सदस्य सचिव हंशराज वाग्ले, बाग्मती प्रदेश खेलकुद परिषद्का सदस्य-सचिव सूर्यलाल भण्डारी, गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तेज गुरुङ, लुम्बिनी प्रदेश खेलकुद परिषद्का सदस्य सचिव जयप्रकाश भट्टराई, कर्णाली प्रदेश खेलकुद परिषद्का सदस्य सचिव विश्वमित्र सन्ज्याल, सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्का सदस्य सचिव दीपक सिंह लगायतको उपस्थिति थियो।

यसैबीच राखेपले गण्डकी प्रदेशमा आयोजना हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि लोगो, मस्कट, गीत रचना र नारा बनाउने सार्वजनिक सूचना निकालेको छ। राखेपले आइतबार खुला प्रतिस्पर्धाबाट लोगो, मस्कट, गीत रचना र नारा छनोट गर्न सूचना निकालेको हो।

राखेपले यही वैशाख ११ गते भित्र लोगो, मस्कट, गीत रचना र नारा पेश गर्ने समयसिमा तोकेको छ। लोगोमा गण्डकी प्रदेशको समग्र प्रतिबिम्ब झल्कने, नवौं राष्ट्रिय खेलकुद झल्कने खेलकुद समेटिएको र शक्तिको प्रतिक भएको हुनुपर्ने बताईएको छ।

मस्कटमा गण्डकी प्रदेशको प्रख्यात जनावर तथा गीत रचनाका लागि बढीमा चार मिनेट हुनुपर्ने,राष्ट्रिय भावनाले ओतप्रोत भएको, खेल, खेलाडीको भावना समेटिएको हुनु पर्नेछ।

छनोट भएका लोगोको डिजाइनरले ५० हजार रुपैयाँ प्राप्त गर्ने छन्। त्यस्तै मस्कटको विजेता २५ हजार, गीत रचनाको विजेताले २० हजार र नाराको विजेताले १० हजार पाउने छन्।

# सूर्य नेपाल च्यालेञ्ज वैशाख १९ देखि २२ गतेसम्म चल्ने

**काठमाडौं/मस–** सूर्य नेपाल च्यालेन्ज वैशाख १९ देखि २२ गतेसम्म रोयल नेपाल गल्फ क्लबमा हुने भएको छ। ७२ होलमा खेलाइने प्रतियोगितामा ३६ प्रोफेसनल र २० एमेच्योरहरू गरी ५६ खेलाडीले भाग लिनेछन्।




मैदानमा ३६ होलहरू पछि कट लागू गरिनेछ। २१ शीर्ष स्कोर गर्ने प्रोफेसनल खेलाडी (टाई भएमा पनि) र शीर्ष ६ एमेच्योरहरू वा जसले व्यावसायिक कटौती गर्ने खेलाडीहरू अर्को चरणमा पुग्नेछन्। प्रतियोगिताको लागि गल्फ कोर्सको प्ले कन्डिसनमा सुधार गरिएको छ। अधिकांश सहभागीहरूले कोर्सको अवस्था बुझ्न अभ्यास राउन्ड खेलीसकेका छन्।

प्रतियोगिताको विजेताले नगद १ लाख रुपैयाँ, उपविजेताले ६५ हजार र तेस्रो हुनेले ४६ हजार प्राप्त गर्नेछन्। शीर्ष २१ स्थानमा रहेका प्रतियोगीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ।

यो प्रतियोगिताको शीर्ष दावेदारमा भुवन नगरकोटी, जयराम श्रेष्ठ, सञ्जय लामा, रवि खड्का, राम थापा र गत इभेन्टका विजेता एमेच्योर सुवास तामाङ रहेका छन्। अर्का दाबेदार हुन सक्ने शुक्रबहादुर राई भने अहिले भारतको व्यावसायिक गल्फ टुरमा खेलिरहेका छन्।


एनपीजीए र आरएनजीसीका अध्यक्ष रवीन्द्रमान श्रेष्ठले भने, 'यो प्रतियोगितामा प्रोफेसनल र एमेच्योर दुवैबाट स्कोरिङ कम हुन्छ जस्तो लाग्छ। खेलको विकासको लागि निरन्तर सहयोगको लागि म हाम्रो प्रायोजकलाई हृदयदेखि धन्यवाद भन्न चाहन्छु,' उनले भने।

# गणेमान सिंह बक्सिङ मंगलबारदेखि

**काठमाडौं/मस–** नेपालको प्रजातान्त्रिक आन्दोलनका सर्वोच्च नेता गणेशमान सिंहको स्मृतिमा गणेशमान सिंह स्मृति राष्ट्रिय बक्सिङ प्रतियोगिता मंगलबारदेखि सुरु हुने भएको छ। वीर गणेशमान सिंह स्पोर्ट्स कमिटीको आयोजनामा हुने प्रतियोगितामा सात प्रदेश र तीन विभागीय टोलीको सहभागिता रहने छ।

काठमाडौंको बसन्तपुर डबलीमा आगामी शनिबारसम्म सञ्चालन हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको प्रतियोगिता संयोजक राजीव श्रेष्ठले जानकारी दिए। 'प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ। सातै प्रदेशका खेलाडी, प्रशिक्षक र टिम व्यवस्थापक काठमाडौं आइसकेका छन्', उनले भने, 'हामी सबै खेलाडी, प्रशिक्षक र अफिसियललाई स्वागत गर्न आतुर छौं।'

प्रतियोगितामा पुरुषतर्फ ४८, ५७, ६३, ६९, ७५, ८१, ९१ केजी गरी सात वटा तौल समूहमा प्रतिस्पर्धा हुनेछ। यसैगरी महिलातर्फ ४८, ५४–५७, ६०, ६४–६९, ६९–७५ केजी गरी पाँच वटा तौल समूहमा प्रतिस्पर्धा हुने छ।




प्रतियोगितामा प्रदेश १ बाट सात पुरुष/चार महिला, मधेश प्रदेशबाट सात पुरुष/पाँच महिला, बागमती प्रदेशबाट सात पुरुष/तीन महिला खेलाडीले प्रतिस्पर्धा गर्ने छन्। यसैगरी गण्डकी प्रदेशबाट सात पुरुष/तीन महिला, लुम्बिनी प्रदेशबाट ६ पुरुष/चार महिला, कर्णाली प्रदेशबाट ६ पुरुष/४ महिला, विभागीय टोली त्रिभुवन आर्मी क्लबबाट सात पुरुष/पाँच महिला, एपीएफबाट सात पुरुष/५ महिला र नेपाल पुलिस क्लबाट चार पुरुष/२ महिला खेलाडीले प्रतिस्पर्धा गर्ने छन्। प्रतियोगितामा ६५ पुरुष र ३७ महिला गरी १०२ जना खेलाडीले प्रतिस्पर्धा गर्ने छन्।

प्रतियोगिताका हरेक तौल समूहका विजेताले २५ हजार नगद पुरस्कार पाउने छन्। यसैगरी दोस्रो हुनेले १५ हजार र तेस्रो स्थान हात पार्ने दुई खेलाडीले जनही सात हजार पाँच सय रुपैयाँ पुरस्कार पाउने छन्। यसैगरी उत्कृष्ट पुरुष खेलाडीलाई मोटरसाइकल र उत्कृष्ट महिला खेलाडीलाई स्कुटर प्रदान गरिने प्रतियोगिता संयोजक राजीव श्रेष्ठले जानकारी दिए।

# आईपीएलमा ओरेन्ज क्यापको होड



**काठमाडौं/एजेन्सी–** इन्डियन प्रिमियर लिग (आईपीएल) २०२२ टी-२० क्रिकेट प्रतियोगिता भारतमा जारी छ। जहाँ संसारभरका खेलाडी विभिन्न दश टोलीबाट आफ्नो क्षमता प्रदर्शन गरिरहेका छन्।

आईपीएलमा हरेक वर्ष सबैभन्दा धेरै रन बनाउने ब्याटरलाई 'ओरेन्ज क्याप' दिने प्रचलन रहेको छ। यस सिजनमा केही ब्याटर चौका र छक्का प्रहार गरिरहेका छन्। जारी आईपीएलको छैटौं चरणका खेल जारी छन् र यसै चरणबाट केही खेलाडीले आफू ओरेन्ज क्यापको दाबेदारी भएको जनाएका छन्।

राजस्थान रोयल्सका लागि ओपनिङ गर्ने इंग्ल्यान्डका ब्याटर जस बटलर यस वर्ष ओरेन्ज क्याप जित्ने सबैभन्दा बलिया दाबेदार हुन्। बटलरले आईपीएल-२०२२ मा एक सानदार शतक बनाएका छन्। उनले पाँच खेल खेल्दासम्म २७२ रन बनाएर ओरेन्ज क्याप जित्ने खेलाडीको सूचीमा आफूलाई शीर्षस्थानमा राखेका छन्।

पछिल्लो दुई तीन आईपीएलमा ओरेन्ज क्यापको दाबेदारीमा सधैं देखिएने नाम हो केएल राहुल। यस वर्ष समेत राहुलले आफूलाई दाबेदारीमा प्रस्तुत गरेका छन्। जारी आईपीएलमा उनले एक शतक प्रहार गर्दै ६ खेलमा २३५ रन बनाएका छन् र दाबेदारीको सूचीमा दोस्रो स्थानमा राखेका छन्।

यसपटक आईपीएलमा सबैलाई स्तब्ध पार्ने अर्को नाम हो हार्दिक पाण्डे। भारतीय अलराउन्डर तथा गुजरात टाइटन्सका कप्तानसमेत हुन् हार्दिक। हार्दिकले पाँच खेलमा २२८ रन बनाएका छन् र आफूलाई ओरेन्ज क्याप दावेदारमा तेस्रो स्थानमा उभ्याएका छन्।

ओरेन्ज क्यापको दौडमा यसपटक पञ्जाब किङ्सका घातक ब्याटर लियाम लिभिङस्टोनसमेत देखिएका छन्। उनले ६ खेलमा २२४ रन बनाएका छन्। जारी लिगमा आक्रामक खेलकै कारण इंग्ल्यान्डका यी खेलाडी दाबेदारमा रहेका हुन्।

सनराइजर्स हैदराबादका ब्याटर राहुल त्रिपाठी ओरेन्ज क्यापको दाबेदारमा रहने पाँचौ खेलाडी हुन्। जारी लिगमा राहुल राम्रो लयमा समेत छन्। उनले ६ खेल खेल्दा २०५ रन बनाएका छन्।

# नोर्बु निर्णायकमा




**काठमाडौं/मस–** विश्व तेक्वान्दो च्याम्पियनसिपमा नेपाली निर्णायक नोर्बु लामाले निर्णायकको भूमिका निर्वाह गर्दै छन्। प्रतियोगिता दक्षिण कोरियाको गोयाङमा शुरु हुँदै छ। तेक्वान्दोका सहायक प्रशिक्षक नोर्बुले पुम्से विधामा निर्णायकको भूमिका निर्वाह गर्न लागेका हुन्। उक्त प्रतियोगिता पुम्सेकै विश्व च्याम्पियनसिप भएको बताइएको छ।

नोर्बुले सन् २०२०, २०२१ र २०२२ मा एसियाली खुला, २०२२ मा विश्व तेक्वान्दो मुजु प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरिसकेका छन्। त्यस्तै अनलाइन प्रतियोगितामा पनि उनी निर्णायकको जिम्मेवारीमा रहिसकेका छन्।

## तेक्वान्दो खेलाडीको बिदाइ

**काठमाडौं/मस–** यही अप्रिल २१ देखि २४ तारिखसम्म दक्षिण कोरियाको गोयाङ सहरमा आयोजना हुने वर्ल्ड पुम्से च्याम्पियनसिपमा नेपालका पाँच खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन्। च्याम्पियनसिपमा पुरुष ५० वर्षमुनिको समूहमा रोशन खान, ४० वर्षमुनि समूहमा कमल श्रेष्ठ, ३० वर्षमुनिको समूहमा प्रेमबहादुर लिम्बू र पार्वती गुरुङ तथा जुनियरको १७ वर्षमुनिको समूहमा अब्बास अन्सारीले प्रतिस्पर्धा गर्ने छन्। च्याम्पियनसिपमा सहभागी हुन लागेका कमल र पार्वती १३औं दक्षिण एसियाली खेलकुद (साग) का स्वर्ण विजेता हुन्। च्याम्पियनसिपमा स्वर्ण जितेमा एक लाख ५० हजार, रजत पदक जितेमा एक लाख र कांस्य पदक जितेमा ५० हजार नगद पुरस्कार प्रदान गरिने बताइएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०१/०६

यस कम्पनीको मिति २०७८/१२/१५ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **स्टोन हक नेपाल प्रा.लि. (प्रा.लि. नं. २८३६६३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/१२/२० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **मार्बल हब प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

*यस फर्म कम्पनिले चिन बाट पैठारी गरेको देहायको मालवस्तुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।*

| सि.नं. | मालवस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा इकाई मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Chimney | Chimney | Power | PC-OC-90 | 1100 Suction | China | 1 pcs | 16000 | 16000 | – |
| 2. | Electric Chimney | Chimney | Power | PC-BF-90 | 1100 Suction | China | 1 pcs | 18000 | 18000 | – |
| 3. | Electric Chimney | Chimney | Power | PC-BFT-60 | 1100 Suction | China | 1 pcs | 21000 | 21000 | – |
| 4. | Electric Chimney | Chimney | Power | PC-BFTS-90 (AC) | 1100 Suction | China | 1 pcs | 24000 | 24000 | – |
| 5. | Electric Chimney | Chimney | Power | PC-HTS-75 (AC) | 1100 Suction | China | 1 pcs | 28000 | 28000 | – |
| 6. | Electric Chimney | Chimney | Power | PC-BFTS-90 (AC/GS) | 1100 Suction | China | 1 pcs | 30000 | 30000 | – |

विक्रेता फर्मको नाम : पावर होम एप्लायन्सेस
ठेगाना : ठिमी, भक्तपुर
एक्जीम कोड : ६०४१५७८१६०१२३NP
फोन नं. : ९८४१३३२४४९

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७६/०७/०५ मा दर्ता भएको **प्रा.लि. नं. २२७०२७**को **इन्टरस्टेलर अनलाइन प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुंदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०२/०४ मा दर्ता भएको **प्रा.लि. नं. १४९४५०** को **मूलपानी गेष्ट हाउस प्रा.लि.** को मिति २०७९/०१/०५ मा सम्पन्न एकल शेयरधनीको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।
**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

**मूल्य सूचि**

**HK Traders Pvt. Ltd.** द्वारा बिकि वितरण गरिदै आएको निम्न विवरणका मालबस्तुहरुको अधिकतम खुद्रा मूल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | पैठारीकर्ताको नाम ठेगाना | स्थायी लेखा नम्बर | आयात निर्यात संकेत नम्बर | सामानको नाम | ब्राण्ड | मोडेल | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | H.K. Traders Pvt. Ltd. | 602397339 | 602397339 0102NP | Kitchen Chimneys (RANGE HOOD) | Osmo | FLAT TRIM | NRS. 18,123.59 | Made in China |
| | | | | | | BAFFLE MATT | NRS. 17,765.29 | |

**H.K. Traders Pvt. Ltd.**
Maharajgunj, Kathmandu
Contact Number: 9851014194, 01-4720362

**Itahari Sub-Metropolitan City**

**Office of the Municipal Executive**

Itahari, Sunsari

Province No. 1, Nepal

**Invitation for Bids**

**First Date of Publication:2079/01/06 (19th April 2022)**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari Sunsari invites NCB from eligible domestic bidders for the Contracts named below.

| S.N. | Contract Identification Number | Work/Description | Estimated Amount without Vat (Nrs) | Bid Validity Period | Bid Security Amount (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | ITR/ NCB/74W/078/079 | Construction of Compound wall and fencing work at pokhari, Itahari -4, Sunsari | 9079783.18 | 90 days | 2,59,000.0 |

2. Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**

गो.हु.का.द.नं. ३३/०६९/०७०
६ वैशाख २०७९, मंगलबार
19 April 2022, Tuesday

# औद्योगिक क्षेत्रमा ३३ अर्ब बराबरको विदेशी लगानीको प्रतिवद्धता

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, बैशाख ५

चालु आर्थिक वर्षको चैत मसान्तसम्म नेपालको औद्योगिक क्षेत्रमा ३३ अर्ब बराबरको विदेशी लगानीको प्रतिवद्धता स्वीकृत भएको छ । चालु आवको चैत मसान्तसम्म मुलुकको औद्योगिक क्षेत्रमा विदेशी लगानीसँग सम्बन्धित १५५ वटा विभिन्न परियोजनाहरुमा विदेशी लगानी स्वीकृति भएको उद्योग विभागले जनाएको छ । चालु आवको चैत मसान्तसम्म चैत मसान्तसम्म २ खर्ब ६६ अर्ब रुपैयाँ बराबरको कुल प्रस्तावित विदेशी तथा स्वदेशी लगानीको प्रतिवद्धता सहितको उद्योगहरु विभागमा दर्ता भएका छन् । विभागमा स्वदेशी लगानीका उद्योगहरु चालु आर्थिक वर्षमा अहिलेसम्म २१६ वटा दर्ता भएका छन् ।



विभागका महानिर्देशक रामचन्द्र तिवारीले उद्योगहरूले उत्पादन क्षमता बढाउने, पूँजी वृद्धि गर्ने, स्थानान्तरण गर्ने लगायतका उद्योग प्रशासनसँग सम्बन्धित कामहरु पनि उद्योग विभागमा वृद्धि भइरहेको सञ्चारमाध्यमलाई बताएका छन् ।

महानिर्देशक तिवारीका अनुसार चालु आवको हालसम्म उद्योग विभागमा दर्ता भएका उद्योगहरुमध्ये ५९ प्रतिशत इनर्जी बेसमा रहेको र लगभग २२ प्रतिशत उद्योग म्यानुफ्याक्चरिङ क्षेत्रमा आधारित रहेका छन् । विदेशी लगानीका उद्योगहरुमा पनि एक तिहाई उद्योगहरु सर्भिस सेक्टरमा र म्यानुफ्याक्चरिङ क्षेत्रमा करिव २३ प्रतिशतमात्र रहेका छन् । तर उत्पादनमुलक उद्योगहरुको भने संख्या वृद्धि हुन सकेको छैन् ।

उद्योग संरचनालाई बलियो बनाउन विभागले सुरु गरेको एकलबिन्दु सेवाकेन्द्रबाट अपेक्षाकृत रुपमा सेवा प्रवाह हुन सकेको छैन् । उद्योग प्रशासनसँग सम्बन्धित सबै कामहरु, सबै सेवा सुविधाहरु एकै थलोबाट उपलब्ध गराउने लक्ष्यका साथ शुरु गरिएको एकलबिन्दु सेवाकेन्द्रमा सरकारका निकायहरु सबैको प्रतिनिधित्व हुने गरी बनाए पनि सबै एजेन्सीका प्रतिनिधित्व हुन नसक्नु र प्रतिनिधित्व भएकालाई पूर्ण रुपमा अधिकार प्रदान गर्ने, छुट्टै कानून बनाउने वा पर्याप्त अधिकार दिने कुरामा अझै पनि कमी भएको विभागका महानिर्देशक तिवारीको प्रतिक्रिया छ ।

# आइएमई पेबाट हवाई टिकट काट्दा क्यासब्याक अफर

**काठमाडौं/मस** – आइएमई ग्रुपद्वारा संचालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित 'आइएमई पे' ले हवाइ उडान टिकटको नयाँ योजना सार्वजनिक गरेको छ । पहिलो पटक आइएमई पे एप प्रयोग गर्ने सेवाग्राही वा पहिलो पटक आइएमई पे एपबाट हवाइ उडान टिकट काट्ने सेवाग्राहीहरुले आइएमई पे एप मार्फत हवाइ उडान टिकट काट्दा सर्वाधिक क्यासब्याकको साथै अतिरिक्त ३०० छुट प्राप्त गर्ने प्रबन्ध मिलाइएको छ ।




यात्राको लागि सबैभन्दा सहज माध्यम हवाइ उडान भएकोले, आइएमई पेले यात्रुहरुलाई हवाइ उडान मार्फत यात्रा गर्न प्रोत्साहन दिन समय-समयमा यस्ता योजनाहरु प्रस्तुत गर्दै आएको छ । नयाँ योजना अनुसार हवाई उडान टिकटमा ५० प्रतिशत सम्मको छुटदेखि लिएर नेपालको कैयौं रमणिय गणतव्यको फ्री हवाइ टिकट प्रदान गर्ने जस्ता योजनाहरु आईएमई पे ले ल्याउने गरको छ ।

योजनामा कम्पनीले निश्चित सेवा र शर्तहरू निर्धारण गरेको छ । पहिलो पटक आइएमई पे एप प्रयोग गर्ने सेवाग्राही वा पहिलो पटक आइएमई पे एपबाट हवाइ उडान टिकट काट्ने सेवाग्राहीहरुले मात्र यो अफर मार्फत छुट पाउँनेछन् भने फर्स्ट टाईम युजर्सहरुले आइएमई पे एपको पूर्व उल्लेखित क्यासब्याकको साथै ३०० अतिरिक्त छुट पाउनेछन् । अरु प्रयोगकर्ताहरुले नियमित सर्वाधिक क्यासब्याकमा आइएमई पे एप मार्फत हवाइ उडान टिकट बुक गर्न सक्नेछन् ।

# सिटिजन्समा नागरिक एपमार्फत अनलाइन खाता खोल्न सकिने

Citizens Bank

**काठमाडौं/मस** - सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नागरिक एपमार्फत अनलाइन खाता खोल्न सक्ने सुविधा शुरू गरेको छ । आफ्नो स्थापनाको १५ औं वार्षिकोत्सवको उपलक्ष्यमा नागरिक एपमार्फत अनलाइन खाता खोल्न सक्ने सुबिधा बैंकले ल्याएको हो । बैंकले वैशाख ७ गते बैंकले आफ्नो १५ औं वार्षिकोत्सव मनाउँदैछ । नागरिक एपमार्फत खाता खोल्नका लागी ग्राहकहरुले बैंकको वेबसाइटमा गएर नागरिक एप मार्फत अनलाइन खाता खोल्ने सेवा छनोट गर्नुपर्ने छ । त्यसपछि स्क्रिनमा देखिएको क्यू.आर कोडलाई नागरिक एप बाट स्क्यान गर्नु पर्ने हुन्छ । सो प्रक्रिया पूरा गरिसकेपछि सो एपमा भएको व्यक्तिगत विवरणहरू आफै अनलाइन फर्ममा भरिनेछन् र बाँकी विवरण भरी ग्राहकहरुले सजिलै अनलाइन खाता खोल्न सक्नेछन् ।

# वाणिज्य बैंकको ऋणपत्र निष्काशन सानिमा क्यापिटलले गर्ने

**काठमाडौं/मस** – राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले निष्काशन गर्न लागेको आरबिबिएल २०८९ ऋणपत्रको निष्काशन तथा बिक्री प्रबन्धकमा सानिमा क्यापिटल लिमिटेडलाई नियुक्त गर्ने सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी र सानिमा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत भिष्मराज चालिसेले हस्ताक्षर गरेका छन् ।



बैंकले प्रति ऋणपत्र अंकित मूल्य एक हजार अंकित दरले कुल पाँच अर्ब रुपैया (५० लाख कित्ता) मूल्य बराबरको दश वर्षे ऋणपत्र बिक्री गर्न लागेको हो । आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरेपछि बैंकले ऋणपत्र बिक्री गर्ने छ । आरबिबिएल ऋणपत्र २०८९ नामको कुल ५० लाख रुपैयाँ कित्ता ऋणपत्रमध्ये ३० लाख रुपैयाँ कित्ता व्यक्तिगत तवरबाट संगठित संस्थाहरुलाइ बिक्री गरिने छ, भने २० लाख कित्ता सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट ऋणपत्र बिक्री गरिने छ । केयर रेटिंग नेपाल लिमिटेडले बैंकलाई समयमै वित्तीय दायित्व पूरा गर्ने सन्दर्भमा प्रयाप्त मात्रामा सुरक्षा प्रदान गर्ने संस्थाको रुपमा रहेको संकेत गर्ने रेटिंग प्रदान गरेको छ । बैंकले देशभर २५८ वटा साखा कार्यालय, २४५ वटा ए.टि.एम, ४१ स्थानमा एक्सटेन्सन काउण्टर, ९८ साखारहित बैंकिङ सेवा सहित आधुनिक डिजिटल बैंकिङको माध्यमबाट सेवा प्रवाह गर्दै आएको छ ।




**शिवालय गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिमा, जाजरकोट, कर्णाली प्रदेश**

**गाउँपालिकाद्वारा गाउँबासीहरुलाई स्वास्थ्य सम्बन्धी जानकारी मूलक सन्देश**

**स्वास्थ्य सम्बन्धी नगरपालिका बासीहरुमा सचेतना**

**१) कोरोना भाइरसबाट बच्न निम्न कुराहरु अपनाऔं ।**
क) ज्वरो र रुघाखोकी लागेका व्यक्तिलाई आफुभन्दा टाढा राखौं ।
ख) एन्टीजेन वा पि.सि.आर अनिवार्य जाँच गरौं ।
ग) घरबाहिर जाँदा माक्स अनिवार्य लगाऔं ।
घ) बेला बेलामा साबुनपानीले हात धोऔं ।
ङ) भिडभाडमा नजाऔं, अरुलाई पनि नजान सुझाब दिऔं ।
च) कोभिड बिरुद्धको भ्याक्सिन २ मात्रा अनिवार्य लगाऔं ।



**२) गर्मीयाममा अपनानुपर्ने कुराहरु**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।



**३ गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।

**४) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।




**५) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।

**६) ६० वर्षभन्दामाथिका वृद्धवृद्धाहरुले अपनाउनुपर्ने कुराहरु ।**
क) समय समयमा नि:शुल्क स्वास्थ्य जाँच गरौ ।

**शिवालय गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिमा, जाजरकोट, कर्णाली प्रदेश**

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**